Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- १२ २०८१ साल कातिक १३ गते मंगलबार (OCT 29, 2024) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# अर्थतन्त्रमा केही सुधार तर जनता अझै निराश



तस्विर : च्याट जिपिटि

■ **मोहन कार्की**

काठमाडौं- नेपालको अर्थतन्त्रमा केही सुधार देखिएको छ । पछिल्लो सरकार बनेपछि शेयर मार्केटमा विगतमा गिरावाट आएको शेयर बजारमा एक्कासी उत्साहजनक सुधार भएको छ । भने व्यापार व्यावसायमा पनि केही सुधार आएको छ। सरकारले जनताको समस्यालाई तत्कालको तत्कालै गर्नुपर्ने कामहरु ट्याकिङ सिस्टममा राखेर गर्ने सम्मका निर्देशनहरु दिएर पारदर्शिता देखाउन खोजेको छ ।

सरकारले यस्ता केही सुधारका कामहरु गरिरहेको छ। तर जनतामा भने अझै विश्वासको वातावरण बन्न सकेको छैन। खुलेर लगानी कतैपनि भएको छैन। दशौं-तिहारको अवसरमा केही सवारी साधन अर्थात गाडीहरु खरिद बिक्रीमा बढोत्तरी भएपनि अन्य व्यवसायमा खासै प्रगति भएको देखिदैन ।

बाणिज्य बैकहरुसँग बचत बढेको छ । तर उत्पादनमूलक क्षेत्रमा बैकहरुले लगानी गर्न सकेका छैनन् । नेपालका बाणिज्य बैकहरुले हाइड्रोपावरहरुमा लगानी गरेका छन् । त्यसको अलवा घर, जग्गा हाउजिङहरुमा गरेको लगानी कोभिड पछाडी त्यति सहज हुन सकेको छैन । यस्ता क्षेत्रहरुमा लगानी ब्लग भएर बसेको छ ।

सरकारले उद्योग कलकारखानामा लगानी बढाउने भाषण गरेपनि नेपालमा उद्योग कलकारखाना दर्ता संख्या बढेपनि उत्पादन संख्या नगन्ने मात्रमा छ । नेपालको आयस्रोतको रुपमा रहेको बैदेशिक रोजगारमा गएका त्यो पनि खाडी मुलुक गएका र कोरिया गएका मानिसहरुले पठाएको रेमिट्यान्स वाहेक अन्य आम्दानीका स्रोतहरु नेपालको छैनन् ।

ठुलो स्केलका उद्योग कलकारखान स्थापना हुन नसक्दा रोजगार सृर्जना हुन नसकेपछि नेपालमा भविष्य छैन भन्दै युवा पुस्ताहरु निराशा बोकेर हिडिरहेका छन् ।

देशको यस्तो अवस्था आउनुमा आज मात्र समस्या नभएर हिजोका दिनमा उद्योग कलकारखाना, व्यावसायिक नीति, राष्ट्रको अन्तराष्ट्रिय परिस्थिति सम्झौता जस्ता ऐन कानूनहरुले पनि दिर्धकालीन पत्यक्ष असर गर्दै आएको छ ।

त्यसकारण नेपाल देशमा नेपालीहरुले चाहेको जसरी सोचेको जस्तो प्रगति हुन नसकेपछि जनतामा निराशा उत्पन्न हुनु स्वभाविक हो ।

सरकारले युवा पुस्तालाई समेट्ने खालको जो उत्पादन र आत्मनिर्भर मुखी आक्रमक कार्यक्रम ल्याउन ढिलो गर्नुहुदैन। जति ढिलो हुदै गयो त्यति नै देशवाट ठुलो संख्यामा युवा पलायन हुने सम्भावना रहेको छ। सरकारले बेलैमा ध्यान देओस् ।

## सिँचाइमन्त्री सरसफाइ अभियानमा सहभागी



**काठमाडौं–** डेङ्गी सङ्क्रमण फैलन नदिन देशभर सरसफाइ अभियान सञ्चालन गर्ने सरकारको निर्णय अनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का मातहतका कर्मचारीका साथ मन्त्रालय परिसरको सरसफाइमा सहभागी भए ।

बिहीबार साँझको मन्त्रिपरिषद् बैठकले शुक्रबार बिहान १० बजेदेखि देशभरका सबै सरकारी कार्यालय परिसरमा सरसफाइ अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । यसअघि प्रत्येक शुक्रबार मन्त्रालय परिसरमा सरसफाइ अभियान सञ्चालन गरिसक्नुभएका मन्त्री खड्काले शुक्रबार (आज) पनि उक्त कार्यलाई निरन्तरता दिँदै कर्मचारीलाई हौसलासमेत प्रदान गरेका छन् ।

सरसफाइ अभियानका क्रममा मन्त्री खड्काले मन्त्रालय र मन्त्रालयअन्तर्गतका सबै कार्यालयलाई सफा राख्न सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलाई आग्रह गरेका छन् । उनले सरसफाइ अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै स्वस्थ हुन सरसफाइले विशेष महत्व दिने भएकाले यसप्रति सबै सचेत हुनुपर्ने पनि उन्ले बताए । "भोलिका दिनमा मन्त्रालय स्वच्छ र सफा भएको अनुभूति आम सेवाग्राहीले महसुस गर्न पाउनुपर्छ", मन्त्री खड्काले भने ।


मन्त्रालयका उपसचिवसमेत रहेएका मन्त्री खड्काका निजी सचिव मनोज पन्थले मन्त्रीको नेतृत्वमा भएको सरसफाइले सबै कर्मचारीलाई हौसला प्रदान गरेको बताउँदै आगामी दिनमा पनि यसले निरन्तरता पाउने प्रतिबद्धता व्यक्त गरे ।

## एकजुट भएर काम गरेमा नेपालको विकास सम्भव हुन्छ : प्रधानमन्त्री ओली

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले विकासका लागि पूर्वाधार तयार भइसकेकाले एकजुट भएर काम गरेमा नेपालको विकास सम्भव हुने बताएका छन् ।


गैरआवासीय नेपाली संघ (एआरएनन)द्वारा सोमबार आयोजित गैरआवासीय नेपाली दिवस र वार्षिक साधारण भाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रविधि र उपकरण बढ्दो भएकाले विकास गर्न नसकिने भन्ने नहुने बताए । उनले भने, "नेपालमा विकासका लागि बाटाघाटा र आवश्यक पूर्वाधार बनेका छन् । अहिले दुर्गम भन्ने कुनै जिल्ला र भूभाग छैन । मिलेर काम गरेमा मुलुकलाई समृद्ध बनाउन सकिन्छ ।"

प्रधानमन्त्री ओलीले आफूहरुले हतियार नचलाए पनि कसरी बिसाउनुपर्छ भन्ने जानेकाले 'हतियार बिसाएका मात्रै हौं' भनेर कुनै पक्षबाट धम्की आउन नहुने पनि बताए ।



प्रधानमन्त्री ओलीले गैरआवासीय नेपाली संघको छविलाई कायम गरी संगठनलाई एकताबद्ध राख्न र 'राजनीतिक टग अफ वार' नगर्न आग्रह गरे । उनले सरकारको तर्फबाट संघलाई कुनै हस्तक्षेप नहुने भएकाले स्वतन्त्ररुपमा काम गर्न आग्रह गर्दै भने, "म अहिले प्रधानमन्त्री छु, म देशको प्रधानमन्त्री हो । एमालेको मात्रै

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १२, २०८१ साल कातिक १३ गते मंगलबार (Oct 29, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

# सम्पादकीय – – – –

## संस्कृतिलाई संस्कारको रुपमा मनाऔ भड्किलो नबनाउ ।

यतिवेला नेपालीहरुको महान पर्व विजयादशमी उल्लासका साथ सकिएको छ । त्यसैगरी शुभ दिपावली नजिकिदै छ । त्यसैगरी नेपा सम्वत्, छठ लगायत बिभिन्न समुदायका चाड पर्वहरु आईराखेका छन् । नेपालीहरुले यि पर्वहरुलाई परापूर्व कालदेखि मनाउदै आएका छन् । यि पर्वहरु नेपालीहरुले सदभावको रुपमा एक अर्कासँग भाईचारा आफन्त मिलन वर्षौसम्म कामले थकित जिवनलाई पर्वको अवसर पारेर शान्त, आनन्द नाता, कुटुम्बहरुसँग भेटघाट गर्ने र विगतका तिता मिठा कुराहरु विर्सेर सामाजिक एकताको रुपमा मनाउने गरिदै आएको छ ।

यस्तै थुप्रै राम्रा पक्षहरु भएका कारण विजया दशमीलाई नेपालीहरुले महान पर्वको रुपमा मनाउदै आएका हुन् ।

पछिल्लो समय नेपाली संस्कृतिलाई सस्कारको रुपमा भन्दा पनि देखासेखीको रुपमा भड्किलो बनाउदै नेपाली संस्कृतिलाई सस्कारको रुपमा मनाउनुको सट्टा बिकृतिपुर्ण तरिका अपनाई भड्किलो बनाउदै अनेक खालका दशै तिहारमा जाड रक्सी खाने, झैझगडा गर्ने, कोशेलीको रुपमा समेत बियर, रक्सी ल्याउने लाने र फलानोका घरमा त यस्तो रमाईलो गरे भन्दै ठुलो स्वरमा साउण्ड बक्समा गाउलेलाई डिस्टब हुनेगरी गीत बजाउने, यति ठुलो खसि काटे, फलानोका भाईले दिदीलाई यति तोलाको सुनको उपहार दिए, हामी पनि के कम भन्दै रिन गरेर देखासेखी गर्ने चलन देखिन थालेको छ ।

अर्को बिर्सन नहुने तिहारको वेला हुने नेपाली संस्कृति देउसी भैलो नेपाली मौलिक परम्परा अनुसार चिन जाना होस् वा नहोस गाउँ घरमा समान ढंगवाट सामुहिक रुपमा नाचगान गर्दै देउसी खेल्ने चलन चल्दै आएको थियो । अचेल देउसी खेल्न मौलिक संस्कृतिलाई पैशामा रुपान्तरण गर्ने चिनेका मानिसका मात्र देउसी खेल्ने जाने दिउसी पनि ड्रमसेट बजाएर खेल्ने, पैशा जसले हाल्न सक्छ धनी जो छ त्यसैको घरमा मात्र देउसी खेल्न जाने गर्ने गरेको देखिन थालेको छ ।

यस्ता गलत चलनहरु हुर्किदै जानुले परम्परागत राम्रा संस्कृतिहरु लोप हुन थालेका छन् । यो नेपालीहरुको लागि निक्कै डरलाग्दो विषय भएको छ ।

त्यसैले सकेसम्म नेपालीहरुले आृनो राम्रा सस्कारहरु जोगाई राख्ने सदभाव एकता दु:ख सुखमा सवै नेपालीहरु मिलेर बाच्न सक्छन् । हास्न सक्छन् भन्ने सन्देश दिनेगरी चाडबाडहरु मनाउनु पर्छ । अर्काको देखासेखी गरेर भड्किलो बनाउदै लग्यौ भने भोलीका दिनमा क्षमताले नभ्याउने अवस्था आउन सक्छ । त्यतिवेला नेपाली संस्कृति पनि लोप हुन सक्छ । नेपाली संस्कृति जोगाउनलाई संस्कृतिलाई सस्कारको रुपमा मनाऔ ।

# रवि लामिछानेको गिरफ्तारी र राजनीतिक तरंग



दामोदर पौडेल

“रवि लामिछानेले जीवनमा र सहकारीका सवालमा गल्ती नै गरेका छैनन् भन्ने पनि होइन। उनले गल्ती गरेका हुन सक्छन्। तर एउटा सत्य यो पनि हो कि रवि लामिछाने राजनीतिमा आएपछि कुनै पनि आर्थिक अनियमिततामा संलग्न भएको देखिएका छैनन्। राजनीतिमा आएपछिको उनको व्यवहार र काम सराहनीय देखिन्छ। उनको राजनीतिको प्रशंसा नै हुने गरेको पनि छ।”

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख रवि लामिछाने पक्राउ परेका छन् । उनी पक्राउ पर्नुको कारण सहकारीमा उनको संलग्नता र आर्थिक अनियमितता रहेको भन्नेसमेत छ। उनी पक्राउ पर्ने दुईवटा निकायगत कारणमा उनीविरुद्ध जाहेरी परेपछि अनुसन्धानको लागि पक्राउ पर्ने र पक्राउ नपरी अदालतमा मुद्दा गएमा अदालतको आदेशले पक्राउ गर्ने नै हो। प्रहरीले अदालतमा मुद्दा चल्नभन्दा पहिला पनि अदालतको अनुमति लिएर पक्रनुपर्नेजस्ता व्यवस्था पनि छन्।

रवि लामिछाने देशको चौथो ठूलो राजनीतिक दलका नेता हुन्। पहिलासमेत गल्ती गरेको देखिएकोले सर्वोच्च अदालतको आदेशले उनी सांसदबाट पदच्युत भएका थिए । तर उनको गल्तीउपर उनलाई कुनै सजाय भएको थिएन। उनी पुनः सोही स्थानबाट चुनाव लडेर अत्यधिक बहुमतका साथ विजयी भएका थिए। अहिले पनि उनी जनप्रिय देखिएका छन्। उनको गिरफ्तारीपछि उनको समर्थनमा विभिन्न आमसभासमेत हुँदा उनी र उनको दलको लोकप्रियता बढाउन सहयोग भएको देखिएको छ । यो अन्य र मुख्यतया पुराना राजनीतिक दलहरु नेपाली कांग्रेस, एमाले, माओवादी र जनता समाजवादी दलहरुको लागि नै मतको हिसाबले घातक वा नोक्सानदायी हुने देखिन्छ।

यद्यपि माओवादी रविको पक्षमा रहेको देखाएको जस्तो पनि लाग्ने हुँदा माओवादीको हरेक चुनावमा पहिलाको हैसियतको आधा हुने अवस्थामा केही कमी आउन सक्नेसमेत सम्भावना छ । जबकि माओवादी र रविको दलको गठबन्धन भएमा मतदाताको लागि त्यो अरुचिकर हुनेछ । त्यसले माओवादीलाई भन्दा रविको दललाई ज्यादा घाटा हुने देखिन्छ। जबकि माओवादीको मताधार खस्कँदै गइरहेको नै छ । शायद त्यसैले होला प्रचण्ड बृहत् कम्युनिस्ट एकताको पक्षमा देखिएका छन्। रविको विवादले फाइदा लिन सकिने भएमा र माओवादीको सिट धेरै नघट्ने देखेमा उनी कम्युनिस्ट एकताको पक्षमा नरहन सक्छन्। प्रस्टै छ कि अलग चुनाव लडेर अलग हैसियत हुनमा जुन फाइदा छ, दलहरु एकीकरण हुँदा त्यो पाइँदैन। रवि थुनिदा हुने फाइदाको आधारमा रणनीति र एमालेको नजिक हुँदा हुने फाइदाको रणनीतिका बारेमा प्रचण्डले राम्रो बुझेका र सोचेका छन्। उनी अब पाँचौं ठूलो दल बन्नभन्दा एमालेमा नै सम्मानपूर्णजस्तो देखिने विलय र आफ्नो हैसियत ठीकठाकको लागि काम गर्ने छन् ।

रवि लामिछानेको गिरफ्तारीभन्दा पहिला प्रचण्ड प्रधानमन्त्री केपी ओलीसँग भेट गर्न गएकामा रविलाई नथुन्नको लागि कन्भेन्स गर्न गएका जस्तो पनि लाग्दैन । बरु रविलाई थुनेर रविका मतहरु एमाले र माओवादीमा ल्याउन प्रयास गर्नु नै सबैभन्दा राम्रो उपाय हो र त्यसपछिको एकीकरण दलको लागि राम्रो हुने सन्देश र भ्रम केपी ओलीलाई दिन नै गएका हुन् भन्नेहरु पनि छन्। यसरी ओलीलाई रवि लामिछानेको केसमा गलत ट्र्याकमा फसाएर रवि लामिछानेको नजिक देखिएको जस्तो भ्रम दिएर रवि लामिछानेका मतहरु आफूमा झुकाउन प्रयास गर्ने वा रवि लामिछाने आफूसँग मिलेर चुनाव लड्ने बातावरण बनाउनेमा प्रचण्ड छन् भन्ने पनि सवाल उठेको छ। जे होस्, प्रचण्ड चतुर खेलाडी र हिंसात्मक आन्दोलनको विश्वव्यापी दोष बोकेका नेता भएकाले उनले आफ्नो उचित अवतरणको लागि जुनसुकै खेल पनि खेल्न सक्छन्।

अहिले उनी केपी ओलीभन्दा राजनीतिक रुपमा धेरै कमजोर मात्र भएका छैनन्, बरु ओलीलाई एक्ल्याउँदाका माधवकुमार नेपालजस्ता सहयोगीहरुसमेत कमजोर भएका छन् र उनीहरुबीचको समझदारी पनि कमजोर भएको छ। यो अवस्था प्रचण्डका लागि राजनीतिक जीवनको निर्णायक सवाल हो। यसको अन्तिम त्राण ओली बन्न सक्ने हुँदा उनीले प्रधानमन्त्री केपी ओलीसँग धेरै आफ्ना पक्षमा देखिने फाइदाजनक उतारचढावका कुरा गरेकामा कुनै विवाद छैन । बरु रविको विपक्षमा नै पनि कुरा गर्न गएका हुन सक्ने प्रबल सम्भावना छ। त्यसको एकमात्र लक्ष रविका मतदाताहरुको रविप्रतिको सहानुभूति देखिएकोले उनीहरुले आफूलाई सम्मान गर्ने आशा र उनलाई थुनाउनमा गोप्य रणनीतिमा लागेको सम्भावनाको खेलसमेत साह्रै सघन छ।

रवि लामिछानेले जीवनमा र सहकारीका सवालमा गल्ती नै गरेका छैनन् भन्ने पनि होइन । उनले गल्ती गरेका हुन सक्छन् । तर एउटा सत्य यो पनि हो कि रवि लामिछाने राजनीतिमा आएपछि कुनै पनि आर्थिक अनियमिततामा संलग्न भएको देखिएका छैनन्। राजनीतिमा आएपछिको उनको व्यवहार र काम सराहनीय देखिन्छ। उनको राजनीतिको प्रशंसा नै हुने गरेको पनि छ। यही राम्रो कार्य नै उनलाई दु:ख दिने र आपराधिक देखाउने अरुको बाध्यता पो हो कि भनेजस्तो पनि देखिएको छ। किनभने मतदाता रविमा गएमा अरु राजनीतिक दलहरुलाई घाटा हुन्छ र त्यसको प्रभाव सिटमा पर्छ।

चुनावमा पुराना गल्ती गरेका भनिएका दलका नेताहरुको बहुमत नभएमा राजनीतिमा आएपछि भ्रष्टाचारको औँला ठड्याउन नसकिने अवस्थामा रहेका रवि, राजेन्द्र लिङ्देन, ज्ञानेन्द्र शाही, रवीन्द्र मिश्र, सिके राउत आदिको जमातको बहुमत भएमा सबै ठूला नेताहरुको शिरमा खतराको घण्टी बज्ने नै छ । त्यो घण्टी प्रचण्डको शिरमा ज्यादा गह्रौं हुनेछ । कहिलेकाहीँ बेइमानी गर्ने र बेइमानी गर्नको लागि एकता भएको देखिएको छ र इमानदारलाई दोष खोजेर फसाउने गरेको पनि पाइन्छ ।

जनतामा पुराना राजनीतिक दलहरुको साख राम्रो छैन । उनीहरुलाई जनताले रुचाउन छोडेका छन् । विषेशतः पढेलेखेका र कुनै पदमा पुगेका अनि पुग्न चाहेकाहरु पनि पुराना दलका नेताहरुको पक्षमा देखिएका छैनन् । उनीहरु खुलंखुल्ला पुराना दलहरुको विरुद्धमा लागेका छन् । दिनहुँ तथानाम गाली दिने र गल्ती देखाउने गरिरहेका छन् । तर तिनीहरु नै यो देश बिगार्न नेताहरुलाई सहयोग गर्ने भिलेन हुन् । उनीहरु धेरै समय आफ्नो नजिकको दल र नेताको विरोध गर्छन् अनि चुनावका समयमा के गर्ने, कुरा यसो हो आदि भनेर मतदातालाई मूर्ख बनाउँछन् । उनीहरुलाई दलका शुभेच्छुक संस्थाको माध्यमबाट ठूला-ठूला भ्रष्टाचार नै नलाग्ने, अरुलाई मात्र भ्रष्टाचारी देखाउन मिल्ने, सम्पत्ति कमाउन सकिने पदहरुको लोभले जनतालाई आफ्ना फाइदा दिने दलहरुको पछाडि लाग्ने र लगाउने गर्छन् । यो देश र समाजको विडम्बना हो ।

हामी पनि तिनै सधैं विरोध गर्ने र चुनावको समयमा आफ्नो दलको लागि विभिन्न नाटक गरेर फकाउनेहरुसँग फकिन्छौं । हामी निष्पक्ष मतदाताहरुमा समेत अरु लोभ नभए पनि साह्रै बिरामी हुँदा फलानाले भनेको मानेमा नि:शुल्क वा सजिलोसँग अस्पतालमा उपचार हुन्छ भन्नेसम्मको आशा भने पनि जिउँदो छ, अरु ठूला आशाहरुको त कुरै नगरौं । हामी नेपाली गलत गर्नेको कुचक्रमा अझै नजानेर वा विपक्षमा जान नसकेर पिसिइरहेका छौं ।

रवि लामिछानेले सहकारीमा गलत गरेका हुन सक्छन्। सहकारी ऐनअनुसार त्यसमा कैदको सजायको दायरा पनि साह्रै ठूलो छैन । उनको पूर्व र वर्तमान पदको आधारमा पनि उनी थुनाबाट छिट्टै मुक्त हुने सम्भावना छ। तर एउटा दोष त ठूला राजनीतिक दलहरुमा लाग्यो नि ! ती दलहरुका नेताहरुले राजनीतिमा नै लागेर सहकारीको दुरुपयोग गरेका छन्।

विवाद छरपस्ट बाहिर आएका छन्। अन्य भ्रष्टाचारका शृङ्खला नै छन्। बाबुराम भट्टराईले नै एउटा योजनामा तीनवटा ठूला दलका नेताहरुले करिब १० अर्ब रुपियाँको दरले कमिसन घुस खाएको बताएको भिडियो अहिले पनि देख्न पाइन्छ। प्रचण्डले प्रधानमन्त्री बन्नभन्दा पहिला आफ्ना करिब ३ हजार मात्र नियमित लडाकू भएकोमा ७ हजार देखएर पैसा लिने र त्यो पैसाबाट चुनाव जित्ने उल्लेख गरेको भिडियो पनि आइरहन्छ। तर उनले त लडाकूको नाममा ७ हजारभन्दा पनि ज्यादाको पैसा लिए । त्यो भ्रष्टाचार हो कि होइन ? यस्ता भ्रष्टाचारका क्रमहरु पुराना र ठूला दलहरुका नेताहरुमा कम छैनन्, बरु छ्याप्छ्याप्ती छन् ।

यस्तो अवस्थामा रविलाई नै तोकेर मात्र थुन्नु उपयुक्त होला कि नहोला ? हो, अनुसन्धानको लागि थुन्न पाइन्छ। त्यो राज्यको अधिकार पनि हो । तर राजनीतिक गलत फाइदाको लागि कुनै व्यक्तिलाई बारम्बार अनुसन्धानको लागि थुनामा राख्ने सम्भावना बढेमा के गर्ने। समानता र समता भन्ने शब्दहरु अचेल ज्यादा सुनिने गरेका छन् । लेडिज फस्ट भन्ने पनि गरिन्छ नै । तर अपराधमा जो ज्यादा पुरानो छ त्यो पहिला सजायको दायरामा आउन पर्ने होइन र ? किन गलतहरुको भीडमा कम गलत वा राजनीतिमा आएपछि कुनै गल्ती नगरेको व्यक्तिलाई नै टप्प टिपेर ल्याउनाको कारण के भन्ने सवाल उठ्छ नै । हामी सत्यको पक्षमा रहने हो भने यसबारे सोच्न र व्यवहारमा ल्याउनै पर्छ । अन्यथा हाम्रा आउँदा पुस्ताले दु:ख पाउनेछन् र हाम्रा कमजोरीका लागि धिक्कार्ने पनि छन् । समयमा उचित निर्णय गर्न सकौं ।

# “भिक्षु अश्वघोष सम्मानद्वारा” प्रा.डा.द्वय बज्रराज शाक्य र रन्जना धाख्वा बज्राचार्य सम्मानित



**जयराम बिडारी**

**काठमाडौं–** साहित्यिक उन्नयनका क्षेत्रमा लामो समयदेखी क्रियाशील सम्यक सन्देशको आयोजनामा कवि निद्रा देउजा राजवंशी द्वारा सिर्जित कवितासङ्ग्रह “अदृश्य हावा” विमोचन तथा भिक्षु अश्वघोष बौद्ध सेवा पुरस्कार समर्पण समारोह भव्यताका साथ सम्पन्न गरिएको छ ।

शनिवार नेपाल प्रज्ञा प्रतिष्ठानको लेखनाथ सभाकक्षको प्रेक्षालयमा संघाराम विहारका प्रमुख भिक्षु उपतिस्स महास्थवीरको प्रमुख आतिथ्यमा सम्यक सन्देशका संरक्षक एवम् समाजसेवी केदारनाथ श्रेष्ठको अधक्षता तथा विशेष अतिथिको रुपमा त्रिभुवन विश्वविद्यालयका पुर्व रजिष्टार प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना अतिथिहरुमा प्रा.डा.बज्रराज शाक्य, प्रा.डा.रन्जना धाख्वा बज्राचार्य, सुगत बौद्ध महाविद्यालयका पूर्व प्राचार्य तिर्थरत्न शाक्य , सम्यक सन्देशका सल्लाहकार एवं बौद्ध अध्येता श्यामलाल चित्रकार, लोमश साहित्य प्रतिष्ठानका अध्यक्ष कवि, साहित्यकार, पत्रकार एवं समालोचक माधव घिमिरे ‘अटल’ लीलादेवी साहित्य पुरस्कारका सस्थापक एवं साहित्यकार लीलादेवी श्रेष्ठ,समाजसेवी चन्द्रदास राजवंशी (लेखिकाका श्रीमान), लगायत बिभिन्न क्षेत्रका प्रतिनिधिहरुका बीच उक्त कार्यक्रम सुसम्पन्न भएको थियो ।

प्रमुख अतिथि उपतिस्स महास्थविरबाट पानसमा दीप प्रज्वलन गरी समुद्घाटन गरिएको उक्त कार्यक्रममा पञ्चशील बाचन समेत गरिएको थियो । कार्यक्रममा सम्यक सन्देशका सम्पादक तथा अध्यक्ष दिपक भेटुवाल ‘दिपसागर’ले अभ्यागतहरुलाई स्वागत गर्दै कार्यक्रमबारे प्रकाश पारेका थिए । मन्तव्यका क्रममा भेटुवालले सम्यक सन्देश आजको दिनसम्म आइपुग्नुमा भिक्षु अश्वघोषको योगदानको चर्चा गर्दै सम्यक सन्देशले थेरवादी बौद्ध दर्शनलाई प्रचार गरी जनजनमा पुर्याउन खेलेको भूमिकाको चर्चा गरे । भाषा,कला,साहित्यको उन्नयनमा सम्यक सन्देशले निर्वाह गरिरहेको कार्यको मुल्यांकनका आधारमा कवि निद्रा देउजा राजवंशीले आफ्नो पहिलो कृति प्रकाशन गर्ने अवसर सूचक प्रकाशनलाई दिएकोमा आभार प्रकट गर्दै भिक्षु अश्वघोष बौद्ध सेवा पुरस्कार समर्पण तथा ‘अदृश्य हावा’ कवितासङ्ग्रह सार्वजनिकीकरण एकसाथ आयोजना गरिनुले साहित्यिक एवं धार्मिक सम्योजनको एक सार्थक प्रयास गरिएको बताए ।

उक्त कार्यक्रममा विशेष अतिथिको भूमिकामा रहेका त्रिभुवन विश्वविद्यालयका पूर्व रजिस्ट्रार प्रा.डा.पार्थिवेश्वर तिमल्सिनाले कवि निद्रा देउजालाई आफूले निक्कै लामो समय देखि चिनेको भए पनि उनको कवि व्यक्तित्वलाई भने बल्ल चिन्ने मौका पाएकोमा खुशी व्यक्त गर्दै उनले निद्रा देउजा राजवंशीले यति सुललित कविता लेखेर समाजप्रतिको दायित्व निर्वाह गरेकोमा सिर्जनशील जीवन तथा कृति सफलताको शुभकामना दिए ।

यसैक्रममा सम्यक सन्देशका सल्लाहकार समाजसेवी तथा बौद्ध अध्येता श्यामलाल चित्रकारले मान्छे बौद्धिक हुँदैमा असल हुन्छ भन्ने हुँदैन,त्यसैले असल मान्छे बन्ने प्रयास गर भन्ने भिक्षु अश्वघोषको सन्देशले आफूलाई अभिप्रेरित गरेको बताउँदै बुद्धको पञ्चशिलको सिद्धान्तलाई विश्वसामु पुर्याउनुपर्ने कुरामा जोड दिंदै जीवनको उत्तरार्धमा समेत साहित्य सिर्जनामा तल्लीन रहेकी कवि निद्रा देउजाको सिर्जनशील एवं दीर्घजीवनको कामना गर्दै सम्मानित व्यक्तित्वहरुलाई समेत शुभकामना व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा कार्यक्रममा सम्यक सन्देश प्रकाशनमा लामो समयदेखी महत्वपुर्ण भुमिका निभाएका प्रा.डा.बज्रराज शाक्य तथा प्रा.डा.रन्जना धाख्वा बज्राचार्यलाई ‘भिक्षु अश्वघोष बौद्ध सेवा पुरस्कार’ २०८१ बाट सम्मानित गरिएको थियो ।

कार्यक्रममा उपस्थित प्रमुख अतिथि विशेष अतिथ तथा अतिथिहरुको हातबाट कवि निद्रा देउजा राजवंशीकृत कवितासंग्रह “अदृश्य हावा” माथि समिक्षा गर्दै लोमश वाङ्मय प्रतिष्ठानका अध्यक्ष कवि,साहित्यकार,पत्रकार एवं समालोचक माधव घिमिरे ‘अटलले’ कवि निद्रा देउजा राजवंशीले आफ्ना कवितामा देश प्रेम,वर्तमान राजनैतिक अवस्था देखि माया प्रेमलाई समेत सरल र लालित्य रुपमा दर्शाएको बताए । उनले सिर्जनशील दक्षता उमेरका कारण कमजोर अनि मजबुत नहुने बताउँदै देउजाका कवितामा माया,प्रेम बिछोड, प्रकृति,यथार्थ सामाजिक चित्रण,विकृति विसङ्गतिलाई कलात्मक रुपमा प्रस्तुत गरिएको उल्लेख गर्दै अधिकांश रचना अभिधात्मक तथा लोकजीवन सम्बद्ध रहेको उल्लेख गर्दै कृति सफलताको शुभकामना दिएका थिए ।

भिक्षु अश्वघोष बौद्ध सेवा पुरस्कार २०८१ बाट पुरस्कृत प्रा.डा.बज्रराज शाक्य तथा प्रा.डा.रन्जना धाख्वा बज्राचार्य मध्य सम्मानित व्यक्तित्वको तर्फबाटबाट प्रा.डा. बज्रराज शाक्यले मन्तव्य राखेका थिए । उनले नेपालमा बुद्ध धर्म लाई तीन किसिमबाट अनुसरण गर्ने समुदाय रहेको उल्लेख गर्दै भिक्षु अश्वघोषले आफ्नो जीवनकालमा यसलाई एकसुत्रमा बाँध्नका लागि अहोरात्र खटी आजको अवस्थामा ल्याइपुर्याउनु भएको चर्चा गरे । भिक्षु अश्वघोषको योगदानको जति प्रसंशा गरे पनि कमै हुने चर्चा गर्दै त्यस्तो विराट व्यक्तित्वको नाममा स्थापित पुरस्कारबाट पुरस्कृत हुन पाउँदा आफू अत्यन्त गौरवान्वित रहेको बताँदै यस कार्यका लागि सम्यक सन्देशको भूमिका तथा मुल्यांकनका लागि समेत आभार व्यक्त गरे । समानान्तर आध्यात्मिक बौद्ध पत्रिका सम्यक सन्देश तथा सूचक प्रकाशले बौद्ध दर्शन प्रचारप्रसारमा निरन्तर गरेको प्रगतिको सराहना गर्दै आगामी दिनमा आफ्नो तर्फबाट समेत हरतरहको साथ र सहयोग गर्ने बाचा गरे ।

सो समारोहमा बौद्ध धर्म र बुद्धका ज्ञान र बौद्ध धर्म प्रचार प्रसार सम्बन्धि कार्यहरुमा महत्वपुर्ण भूमिका निभाएबापत कोहिनुर रञ्जित तथा त्रियान मिडियाका राजु नापितलाई सम्मान गरिएको थियो । यसैगरि कार्यक्रममा बिशेष सहयोग पुर्याएकोमा बिभिन्न सामाजिक व्यक्तित्वहरुलाई सम्यक सन्देशका अध्यक्ष एवं कार्यक्रम संयोजक दिपक भेटुवाल ‘दिपसागर’ द्वारा लिखित ‘भद्रकुमारी घले र उनका आयामहरु’ पुस्तक मायाको चिनो स्वरुप प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा कवि निद्रा देउजा राजवंशीले आफ्नो एउटा कविता वाचन गर्दै गरिमामय उपस्थितिका निम्ति सबैलाई धन्यवाद ज्ञापन गरिन् । उनले कवितालेखनको आफ्नो शृंखला पुरानै भएपनि पहिलो पुस्तककारका रुपमा पाठसमक्ष आउन सम्भव भएकोले समुचित प्रतिक्रियाको अपेक्षाकृत रहेको जनाइन् । लोमश वाङ्मय प्रतिष्ठानका सचिव तथा माइण्ड प्लसका प्रवन्ध निर्देशक कवि नवीन पल्लवद्वारा सहजीकरण गरेको उक्त कार्यक्रम सभ्य एवं भव्य रुपमा सम्पन्न गरिएको थियो

# पूर्वमन्त्री देउवा टोल-टोलमा

**धनगढी–** प्रदेश सभा सदस्य एवम् पूर्वमन्त्री प्रकाश देउवा जनताका गुनासा र विकास निर्माणका योजनाको अनुगमन गर्न अहिले आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत टोल-टोलमा व्यस्त छन् ।



कैलाली जिल्लाको ५ नम्बर निर्वाचन क्षेत्रअन्तर्गतको प्रदेश सभा २ बाट निर्वाचित पूर्वमन्त्री देउवा पार्टीका केही नेतासहित टोल-टोलमा भेटघाट र योजना अनुगमन गरिरहेका छन् । यसअघि नेपाली कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री भएका देउवा दशैंलगत्तै टोल भ्रमणमा निस्किएका हुन् । उनी जनताका माग, समस्या र योजना कार्यान्वयनमा देखिएका समस्याबारे घरदैलोमा गएरै छलफल गरिरहेका छन् ।

उनको निर्वाचन क्षेत्रमा धनगढी उपमहानगरपालिकाका वडा नम्बर १ देखि ६, ११ र १३ नम्बर वडा पर्दछन् । पूर्वमन्त्री देउवाले भने, ‘जनतासँग प्रत्येक्ष भेटेर शुभकामना आदान प्रदानसँगै विकास निर्माणबारे जानकारी र जनताका गुनासा सुन्न टोल टोलमा भेटघाट गरिरहेको छु ।’ पूर्वमन्त्री देउवाले प्रदेश सरकारले केही पनि गरेन भनेर चलिरहेको हल्ला चिर्न पनि जनताको घरदैलोमा गएर प्रदेश सरकारले गरिरहेको काम र प्रदेश संरचनाको महत्वबारे जनतालाई बुझाउनुपर्ने देखिएको बताए ।

उनी केही दिनयता बिहान ८ बजेदेखि बेलुका अबेरसम्म टोल भेटघाटमा हिँडिरहेका छन् । निर्वाचन जितिसकेपछि अर्को निर्वाचन नआउन्जेल नेताहरु जनतासँग भेटघाट नगर्ने परम्परालाई पनि पूर्वमन्त्री देउवाले हटाएको धनगढी १३ का रामलाल रानाले बताए । उनले भने, ‘अरु नेताको त त्यति थाह छैन, प्रकाश देउवा भने पटक-पटक घरभेटमा आइरहेका छन् ।’ उनले घरभेटमा आएका बेला दिएका सुझावहरु पनि कार्यान्वयन गर्ने गरेको रानाले बताए ।

पूर्वमन्त्री देउवासँगै टोल भ्रमणमा सहभागी नेपाली कांग्रेस कैलालीका सचिव नृप सुनारले नेताहरु घरदैलोमा जाँदा जनतामा देखिएका धेरै भ्रम हट्ने बताए । उनले भने, ‘जनताको चाहना नेताहरु घरदैलोमा आएर आफ्ना समस्या सुनुन् भन्ने छ, अहिले पूर्वमन्त्री देउवाले त्यही गरिराख्नुभएको छ ।’ सचिव सुनारले तिहारसम्म सबै वडाका सबै टोल घुमेर सकिने बताए । उनले जनताका नेताप्रति केही आक्रोश भएपनि घर घरमा जाँदा स्वागत गर्ने गरेको बताए ।

भौतिक मन्त्री हुँदा आफ्नो निर्वाचन क्षेत्रमा १९ वटा सडकमा बजेट विनियोजन गरेका देउवाले यस पटकको बजेटमा पनि धेरै सडकसँगै अन्य विकासे योजनाहरुमा ठूलो रकम छुट्याउन सफल भएका छन् । उनले विकासलाई नै प्राथमिकतामा राखेर अघि बढेकाले उनीप्रति युवाको आकर्षण र समर्थन बढेको छ ।

# रामेछाप डायरी

## बाग्मती प्रदेशका प्रादेशीक अस्पतालहरूमध्ये रामेछाप अस्पताल चौथो हुन सफल




बाग्मती प्रदेशका प्रादेशीक अस्पतालहरुमध्ये रामेछाप अस्पताल चौथो हुन सफल भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा सम्पादीत स्वास्थ्य कार्यक्रमहरुको प्रदेश स्तरीय वार्षिक समिक्षा गोष्ठी कार्यक्रममा उक्त जानकारी गराइएको हो ।

भक्तपुर अस्पताल १०० मा ८३.४ अंक सहित पहिलो,सिन्धुली अस्पताल ७८.४ अंक सहित दोश्रो,धादिङ अस्पताल ७७. ७ अंक सहित तेश्रो र रामेछाप अस्पताल ७७.६ अंक सहित चौथो भएको हो ।अस्पतालको सेवा प्रवाह,आर्थिक सुशासन,प्रशासन,प्रविधि लगायत विभिन्न सूचकहरुलाई आधार मानेर मूल्याङ्कन गरिएको थियो ।

रामेछाप अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. केशव श्रेष्ठका अनुसार विभिन्न सूचकहरु र अस्पतालको नेतृत्वको भूमिका लगायतका कुराहरुहरुमा अस्पतालले राम्रो अंक पाएको हो । वार्षिक समिक्षा गोष्ठीमा रामेछाप अस्पतालबाट नि.मे.सु डा.श्रेष्ठले प्रस्तुती दिनुभएको थियो ।

## दसैँ तिहार बिदामा पनि नियमित कक्षा सञ्चालन

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं ७ मुडाजोरमा रहेको महाकाली आधारभूत विद्यालयले दसैँ तिहारको बिदामा पनि नियमित कक्षा सञ्चालन गरिरहेको छ । विद्यार्थीहरुलाई लामो बिदा दिँदा उनिहरुको पढाइ कमजोर हुने हुँदा विद्यालयमा नियमित कक्षा सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक राम बहादुर घिसिङ्गले जानकारी दिनुभयो ।



यो विद्यालयले हिउँदे तथा बर्खे बिदामा समेत नियमित कक्षा संचालन गर्ने गरेको छ । वडा कार्यालयले गत वर्ष शैक्षिक भ्रमणमा लगेपछि असल र राम्रो अभ्यास गरिरहेका विद्यालयहरुबाट प्रभावित भएर आफ्नो विद्यालयमा पनि धेरै सुधारका कामहरुको सुरुवात भएको प्र.अ घिसिङ्गले बताउनुभयो ।

शैक्षिक गुणस्तर सुधार गर्ने मुख्य जिम्मेवारी शिक्षककै भएका कारण आफुहरु विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने अभियानमा लागिपरेको उहाँको भनाई छ । यो विद्यालयले शनिबार मात्रै बिदा दिने गरेको छ । शनिबार बाहेकका अन्य कुनै पनि सार्वजनिक बिदामा विद्यालय बन्द नहुने प्र.अ घिसिङ्गले बताउनुभयो ।

विद्यालयले हप्ताको ५ दिन शुक्रबार बाहेक अन्य दिन बिहान ८ बजेदेखी दिउँसो ५ बजेसम्म नियमित कक्षा संचालन गर्दै आएको छ । बिदाको दिनहरुमा पनि नियमित कक्षा संचालन गर्दा विद्यार्थीको पढाईमा उल्लेख्य सुधार आएको छ । नगरपालिकामा रहेका केही नमुना विद्यालयहरुको भन्दा यस विद्यालयको नतिजा राम्रो रहेको प्र.अ घिसिङ्गको भनाई छ ।

जिल्लाका अधिकांश सामुदायिक विद्यालयहरू दसैँ बिदाबाट खुलेका छैनन् । अधिकांश सामुदायिक विद्यालयहरू दसैँ बिदाबाट तिहार पछिको बिदापछि मात्रै खुल्ने गरेका छन् । लामो समय विद्यालय बिदा हुँदा बालबालिकाको पढाई बिग्रने गरेको अभिभावकहरुले बताएका छन् ।

## रामेछाप र सिन्धुलीलाई जोड्ने खुर्कोटको पुल संचालनमा



रामेछाप र सिन्धुलीलाई जोड्ने खुर्कोटको बेलिब्रिज निर्माण सकिएर मंगलबार शुभारम्भ गरिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, ऊर्जा जलस्रोत तथा सिचाई राज्य मन्त्री पूर्ण बहादुर तामाङ (कान्छाराम) ले बेलिब्रिज पुलको उद्धाटन गर्नुभयो । रामेछापको मन्थली नगरपालिकाले बेलिब्रिज निर्माणमा सहयोग गरेको भन्दै सरकार र

» बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १२, २०८१ साल कातिक १३ गते मंगलबार (Oct 29, 2024)

# ७ वर्षमा पहिलो पटक फरक एटिच्यूडमा देखिएका कुलमान



**काठमाडौं–** बिहीबार दिउँसो साढे दुई बजे नेपाल विद्युत प्राधिकरणको मिटिङ हलमा प्रबन्ध निर्देशक कुलमान घिसिङको टीम र केही सीमित उद्योगीबीच छलफल सुरु भयो ।

छलफलको सुरुमै कुलमानले डेडिकेटेड र ट्रंक लाइन विवाद समाधानका लागि अधिकतम लचिलो बन्ने भन्दै पहिलो किस्ता बुझाएर सहयोगका लागि आग्रह गरे । बिहीबार कुलमानको स्वभावमा अस्वाभाविक परिवर्तन उद्योगीहरुले देखे ।

लोडसेडिङ अन्त्यसँगै लोकप्रियताको ग्राफ उकालो लागेपछि कुलमानको ‘एटिच्यूड’ फरक थियो । पछिल्लो समय उनी ऊर्जामन्त्री भन्दा बलिया देखिन्थे ।

कुलमानका पछिल्ला सबै गतिविधि नियालिरहेका उद्योगीहरुले बिहीबारको छलफल समस्या समाधानको बाटोमा अग्रसर हुने बुझाइमा थिए ।

‘यो समस्या समाधान गर्नु तपाईंहरुको पनि हितमा छ । यसलाई जति लम्ब्यायो उति नै समस्या बल्झिन्छ,’ कुलमानले उद्योगीलाई भने, ‘पहिलो किस्ता तिर्नुस् । किस्ता अवधि पनि बढाउन तयार छौं । हामी लाइन काट्दैंनौ ।’

उनको प्रस्तावसँगै केही उद्योगीले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लाल नेतृत्वको आयोगले दिएको प्रतिवेदन कार्यान्वयनमा ल्याउन माग गरे भने केही उद्योगीले प्राधिकरणको बिल गलत रहेको भन्दै सच्याउन आग्रह गरे ।

उद्योगीको भनाइ सुनेपछि कुलमानले अझै लचक हुँदै भने–‘तपाईंहरुलाई बिल नै समस्या हो भने पनि प्रशासकीय पुनरावलोकन गर्न सक्ने बाटो खुला गर्छु । तपाईंहरु अदालत जान पनि सक्नुहुन्छ । त्यहाँबाट जितेर आउनु भयो भने तिर्नुभएको पैसा फिर्ता हुन्छ । होइन भने निरन्तर किस्तामा बक्यौता तिर्न सक्नुहुन्छ ।’

कुलमानको यो प्रस्तावपछि एक जना उद्योगीले प्रशासकीय पुनरावलोकनमा जाँदा लाग्ने २५ प्रतिशत जरिवानाले अप्ठेरो पर्ने गुनासो गरे । लगतै कुलमानले पुनरावलोकनका लागि २५ प्रतिशत राख्ने विषयलाई पनि घटाउन पहल गर्ने बताए । कुलमान एकपछि अर्को विषयमा लचिलो बनेपछि केही उद्योगी सकारात्मक भए ।

उनीहरु कुलमानको प्रस्तावबारे अरु उद्योगीसँग छलफल गरेर जानकारी गराउने भन्दै प्राधिकरणबाट बाहिरिए । ‘तपाईंको प्रस्तावबारे अरु उद्योगीसँग पनि छलफल गर्नुपर्छ । त्यसपछि मात्रै हामी निर्णयमा पुग्छौं,’ सिमेन्ट उत्पादक संघका निवर्तमान अध्यक्ष ध्रुव थापाले भने ।

कुलमानले राखेको प्रस्तावबारे केही उद्योगीबीच छलफल भयो । छलफलमा धेरै बक्यौता रहेकामध्ये एक उद्योगीले कुलमानको प्रस्तावलाई ठाडै अस्वीकार गरे । ‘कुलमानले राखेको प्रस्तावमा किन जाने? हामीले लाल आयोगको रिपोर्टभन्दा तलमाथि गर्न आवश्यक छैन,’ ती उद्योगीले भने । त्यसपछि उद्योगीबीच सहमति बन्न सकेन ।

कुलमानले राखेको बैठकमा सकारात्मक बनेका उद्योगी आफ्नै समुदायको कुराले निराश बने । ‘विगतदेखि नै यो मुद्दालाई गिजोल्न अग्रसर भएका उद्योगीले समस्या सल्टाउन दिएनन्,’ एक उद्योगीले भने ।

उद्योगीको जवाफ पर्खिएर बसेका कुलमानलाई ऊर्जामन्त्री दीपक खड्काले बोलाए । मन्त्रिपरिषद् बैठक बस्नुअघि मन्त्रीले बोलाएपछि कुलमानले आफूलाई कारबाही गर्न लागेको छनक पाए ।

त्यो छनकसँगै उनले राती ८ बजेबाट डेडिकेटेड र ट्रंक लाइनको महसुल नतिरेको सूचना जारी भएका उद्योगको लाइन काट्न थाले । प्राधिकरण स्रोतका अनुसार उद्योगीले साँझ ६ बजेसम्म प्रस्तावका बारेमा जानकारी गराउने प्रतिबद्धता जनाएका थिए । तर, ७ बजेसम्म उद्योगीबाट कुनै जानकारी नआएको र मन्त्रिपरिषद्बाट समेत कारबाहीको निर्णय हुने संकेतपछि कुलमान एग्रेसिभ बनेका हुन् ।

प्रस्ताव राम्रै थियो ?

सिमेन्ट उत्पादक संघका निवर्तमान अध्यक्ष थापाले कुलमानले राखेको प्रस्तावबारे छलफल हुँदाहुँदै लाइन काटिएपछि समस्या भएको बताए ।

‘कुलमानले राख्नुभएको प्रस्तावका बारेमा हामीले छलफल गरिरहेका थियौं । सबै साथीहरु जम्मा हुन नपाएकोले शुक्रबार बिहान मिटिङ राखेका थियौं,’ थापाले आइतबार आयोजित पत्रकार सम्मेलनका भने, ‘उहाँले दिनुभएको विकल्पमा सहमति हुनसक्छ कि भन्ने पनि लागेको थियो । तर, उहाँले साढे सात बजेदेखि नै लाइन काट्न थाल्नुभयो । वार्ता पनि गर्ने अनि लाइन पनि काट्ने काम उहाँले गर्नुभयो ।’

उनले प्राधिकरण र उद्योगीबीचको समस्या वार्ताबाट समाधान गर्न तयार रहेको समेत स्पस्ट पारे । ‘हामीले समस्या समाधान नभएपछि मात्रै सबै राजनीतिक दलका नेताहरुलाई भेटेका हौं । हामीले राजनीति गर्न खोजेकै होइनौं । प्राधिकरणबाट समस्या नसल्टिएपछि हामी माथि जानैपर्‍यो,’ उनले भने, ‘हामी वार्ताबाट समस्याको निकास खोज्ने पक्षमा छौं ।’

# सम्पत्ति व्यवस्थापन कम्पनीको आवश्यकतामा जोड



**काठमाडौं–** बैंक तथा वित्तीय क्षेत्रका जानकारहरुले सम्पत्ति व्यवस्थापन कम्पनीको आवश्यकतामा जोड दिएका छन् ।

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सीबीफिन)ले काठमाडौंमा गरेको अन्तर्क्रियामा उनीहरुले अर्थतन्त्रमा थप क्षति हुन नदिन कम्पनी तत्काल स्थापना गर्नुपर्नेमा जोड दिएका हुन् । अर्थतन्त्रलाई गतिशिल बनाउन सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापनाले सहयोग पुग्ने उनीहरुको भनाइ छ ।

सीबीफिनका अध्यक्ष उपेन्द्र पौडेलले बैंकिङ क्षेत्र सबैभन्दा पारदर्शी भएपनि पछिल्लो समय नियतवश ऋण नतिर्नेहरूका कारण क्रमशः जोखिमपूर्ण बन्दै गएको बताए ।

बैंक तथा वित्तीय संस्थाहरुसँग पैसाभन्दा अचल सम्पत्ति बढी हुने विडम्बनायुक्त अवस्था सृजना भएकाले सम्पत्ति व्यवस्थापन कम्पनी आवश्यक रहेको उनको भनाइ छ ।

‘अहिले बैंक तथा वित्तीय संस्थाहरुले विशुद्ध बैंकिङ सेवा तथा गतिविधिहरुभन्दा पनि बाध्यतावश कर्जा असूली र गैरबैंकिङ सम्पत्ति व्यवस्थापनतर्फ बढी केन्द्रित हुनुपरेको छ । यसले बैंकिङ क्षेत्रमात्र नभई अर्थतन्त्रमा समेत प्रभाव पारिरहेको छ । त्यसैले कर्जा र सम्पत्ति व्यवस्थापनको विषयलाई सार्थकता दिन अत्यावश्यक छ,’ उनले भने ।

बैंकिङ प्रणालीलाई जोगाउन र अर्थतन्त्रमा पर्न सक्ने अकल्पनीय क्षतिबाट बचाउनका लागि बैंक तथा वित्तीय संस्थाहरुको समेत संलग्नतामा कम्पनी स्थापना गर्न विलम्ब गर्न नहुने सरोकारवालाहरुले बताए । कम्पनी स्थापनाले बैंकिङ प्रणालीको दिगो विकासका साथै अर्थतन्त्रमा समेत योगदान पुग्ने उनीहरुको भनाइ छ ।

कार्यक्रममा भारतको एसेट रिकन्स्ट्रक्सन इण्डियका पूर्वप्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक विनायक बहुगुणाले कम्पनी स्थापना गर्दा सचेत हुन सुझाव दिए ।

उनले निष्क्रिय कर्जा/गैरबैंकिङ सम्पत्तिको व्यवस्थापनका विषयमा प्रचलनमा रहेका अन्तर्राष्ट्रिय अभ्यास र नेपालले ध्यान दिनुपर्ने विषयमा कार्यपत्र प्रस्तुत गर्दै कम्पनीको सफलता देशको वित्तीय स्थिरता र गतिशिलता, अनुकूल वातावरण र नीति, राजनीतिक प्रतिबद्धता र सहयोग, लगायत कुरामा निर्भर हुने बताए ।

उनले भारतमा यस्ता कम्पनीको सुरुवाती व्यस्थापनमा केही समस्या देखिएको र पछिल्लो अवस्थामा सुखद परिणाम देखा परिरहेको सुनाए । उनले सचेत भएर कम्पनी स्थापना गर्दा नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव देखिने विश्वास व्यक्त गरे ।

सीबीफिनका वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायले कोभिडपछि बैंक तथा वित्तीय संस्थाहरुको निरन्तररुपमा बढ्दै गएको निष्क्रिय कर्जा र गैरबैंकिङ सम्पत्तिको समुचित व्यवस्थापनका लागि कम्पनी आवश्यक रहेको बताए ।

‘कर्जा र गैरबैंकिङ सम्पत्तिमा भएको वृद्धिले निम्त्याउन सक्ने संभावित संकट र जोखिमलाई समयमै आंकलन गरी अगाडि बढ्न आवश्यक छ । त्यो भनेको सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना हो,’ उनले भने ।

# अपि पावरको साधारण सभाले पारित गर्यो ४९ मेगावाटमा लगानी गर्ने प्रस्ताव

**काठमाडौं–** अपि पावर कम्पनीको साधारण सभा यहि कार्तिक ११ गते सम्पन्न भएको छ । गौशालाको होटल क्रिष्टल पशुपतिमा बसेको साधारणसभाले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत छलफल गर्दै पारित गरेको छ ।

वार्षिक प्रतिवेदनको छलफल गर्दा अपि पावर कम्पनीको संस्थापक अध्यक्ष देखि अहिलेका प्राविधिक विश्लेषण हेर्दै लगानी गरिरहेका सेयरधनीले भाग लिएका थिए । सभाले लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८० / ०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरुलाई सेयरधनीहरु सामु छलफल गर्दै पारित गरेको हो ।

सभाले विशेष प्रस्तावको रुपमा कम्पनीको आर्थिक वर्ष २०८०/०८१ सम्मको जगेडा कोष तथा सेयर प्रिमियम बाट प्राप्त मुनाफाबाट ५ प्रतिशत बोनस सेयर र कर प्रयोजनको ०.२६३२ प्रतिशत नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गरेको छ । साथै यस अगाडी घोषणा भएको ९.५१३५ प्रतिशत बाट बाँकी रहेको ४.२५०३ प्रतिशतले हुने रकम कम्पनीको जगेडा कोष कायम रहने पनि कम्पनीका अध्यक्ष सिर्जना खड्काले सभालाई जानकारी गराएकी थिइन ।

यस बाहेक सभाले लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण पनि गरेको छ । सभामा अपि पावरले सहायक कम्पनी अपि इन्फ्रा लिमिटेड कम्पनीमा १०० प्रतिशत सेयर स्वामित्व रहने गरी लगानी गर्ने प्रस्ताव अगाडी सारेका थिए । उक्त कम्पनीले ललितपुरको झम्सिखेलमा अवस्थित ४३ इकाई सहितको ९ तल्ले आवासीय भवन बनाउन कार्य अगाडी बढाइसकेको छ ।

यस बाहेक अपि पावरको बहुमत सेयर स्वामित्व रहने गरी लटिनाथ पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गर्ने न्वागाड साना जलविद्युत आयोजना ९९.७ मे.वा. निर्माण गर्ने प्रस्ताव पनि सभाले पारित गरेको छ ।




तेस्तै ,अपि पावर कम्पनी लिमिटेडले सुदुर पश्चिम प्रदेशमा रहेको दार्चुला पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गरी मध्य चमेलिया जलविद्युत आयोजना ९२८.३ मे.वा. निर्माण गर्ने प्रस्ताव पनि सभाबाट अनुमोदन गराएको छ ।

यस बाहेक अपिको बहुमत लगानी रहेको सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड कम्पनीमा लगानी गरि माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा रहेको र उक्त लगानी अनुमोदन गर्ने प्रस्ताव सभाले अनुमोदन गरिसकेको छ । सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडले सर्वसाधारणमा आईपीओ निष्काशन गर्न नेपाल धितोपत्र बोर्डमा आवेदन दिसकेको छ ।

तेस्तै,कम्पनीले सर्वसाधारण सेयरधनीबाट ३ जना संचालकमा मधुसुदन कोइराला, संजिव न्यौपाने र द्वारिका न्यौपाने नियुक्त भएका छन् भने महिला संचालकमा सिर्जना खड्का नियुक्त भएकी छिन् ।

कम्पनीले सभा प्रयोजनका लागि कम्पनीको कार्तिक २ गते एक दिनका लागि सेयरको दर्ता किताब बन्द गरेको थियो । अर्थात कार्तिक १ गते सम्म नेप्सेमा कारोबार भइ कायम रहेका सेयरधनीले मात्र कम्पनीले घोषणा गरेको लाभांश प्राप्त गर्नेछन् ।

# सन नेपाल लाइफ इन्स्योरेन्स द्वारा मार्केटिङ्ग म्यानेजर इन्स्टलेसन कार्यक्रम सम्पन्न

SUNLIFE
सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

**काठमाडौं–** सन नेपाल लाइफ इन्स्योरेन्सले आश्विन मसान्तसम्म नियुक्त हुने मार्केटिङ्ग मेनेजरहरुलाई ग्राण्ड होटेल पोखरामा २०८१ कार्त्तिक ९ र १० गते १ रात २ दिनको मार्केटिङ्ग म्यानेजर इन्स्टलेसन प्रोग्राम टाइटल को ग्राण्ड कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्याल, प्रमुख बजार अधिकृत गणेश चौलागाइ, ट्रेनर तथा लाइफ कोच रविन कटुवाल लगायत प्रदेश प्रमुख तथा विभिन्न शाखा प्रमुखहरुको उपस्थितिमा भएको उक्त कार्यक्रममा देशैभरबाट ५०० जना भन्दा बढिको सहभागिता रहेको थियो ।

कार्यक्रममा कम्पनीको ब्राण्ड एम्बेसडर कुञ्जना घिमिरे(सुन्तली) ले अभिकर्ता मार्फत सामाजिक रुपमा सेवा प्रदान गराउँदै ब्यवसायिक रुपमा अर्थोपार्जन गर्न सकिने बताउनुभएको र महिलाहरुले गृहिणीको रुपमा मात्र सिमित नरही ब्यवसायिक रुपमा अभिकर्ता मार्फत र आत्मनिर्भर र सामाजिक रुपान्तरण गर्न आग्रह गरेकी थिइन ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्यालले यस डिजिटल युगमा डिजिटल साक्षरताको महत्त्वबारेमा चर्चा गरेका थिए । उनले प्रतिस्पर्धात्मक युगमा डिजिटलाइजेसनले अभिकर्ताहरुलाई सफल बनाउन कसरी मद्दत गर्न सक्छ भन्ने कुरामा जानकारी दिएका थिए । साथै, उनले आफ्ना अभिकर्ताहरुलाई अझ राम्रो कार्य सम्पादन गर्न र ग्राहकलाई सुरक्षित जीवनको प्रत्याभूति दिलाउन नवीनतम योजनाहरु ल्याउन काम गरिरहेको जानकारी गराएका थिए ।

# डिजिटल भुक्तानीमा इन्भेष्टमेण्ट बैंकले भित्र्यायो नयाँ प्रविधि




**काठमाडौं–** नेपाल इन्भेष्टमेण्ट मेगा बैंकले नेपालमा पहिलोपटक भिसा वेयरेबल स्टिकर ‘एनआईएमबी पेवियर’ सार्वजनिक गरेको छ । बैंकले काठमाडौंमा एक कार्यक्रम गरी स्टिकर सार्वजनिक गरेको हो ।

ग्राहकहरूले कुनै पनि पीओएस टर्मिनलमा वेयरेबल उपकरण ट्याप गरी छिटो र सुरक्षितरुपमा कारोबार गर्न सक्ने यो नयाँ प्रविधिलाई बैंकले नेपालमा डिजिटल भुक्तानीमा नयाँ युगको सुरुवात भनेको छ ।

‘एनआईएमबी पेवियर’ले ग्राहकहरूलाई भौतिक कार्ड वा मोबाइल वालेट बोक्न नपर्ने अर्को विकल्प प्रदान गर्छ ।

‘एनआईएमबी पेवियर नेपालका लागि गेम–चेन्जर हो,’ बैंकका वरिष्ठ डेपुटी सीइओ महेश शर्मा ढकालले भने, ‘यो उत्पादनले हाम्रा ग्राहकहरूको भुक्तानी गर्ने तरिकालाई पूर्णरूपले परिवर्तन गर्नेछ । उनीहरूलाई अतुलनीय सुविधा र गति प्रदान गर्दै उच्चतम सुरक्षा सुनिश्चित गर्नेछ । हामी नेपालमा पहिलोपटक यो प्रविधि प्रस्तुत गर्न पाउँदा उत्साहित छौं ।’

‘एनआईएमबी पेवियर’ ग्राहकहरूलाई आफ्नो घडी, कि–चेन, फोन केसजस्ता कुनै पनि वस्तुमा वेयरेबल स्टिकर टाँस्न सकिने बैंकले बिहिबार प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

# जवसम्म आन्तारिक रोजगार सिर्जना गर्न सकिदैन तवसम्म बैदेशिक रोजगारको बिकल्प छैनः मन्त्री भण्डारी



■ विनोद कार्की

**काठमाडौं–** पदबहाली गरेको १०० दिन पुगेको उपलक्ष्यमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा आयोजित "पद वहालीको १०० दिनको क्रियाकलाप र उपलब्धीहरु" अन्तरत्रिया कार्यक्रममा बोल्दै मन्त्री शरत सिंह भण्डारीले बिभिन्न सञ्चारमाध्यमवाट आएका सञ्चारकर्मीहरुले १०० दिनमा मन्त्रालयले गरेका काम र आउदा भावी दिनमा गर्ने कामको वारेमा पेश गरिएको उपलब्धि पुस्तिकामा उल्लेख विषयमाहरु माथि उठेका प्रश्नहरुको उत्तर दिदै भने "जवसम्म आन्तरिक रोजगार सिर्जना गर्न सकिदैन तवसम्म वैदेशिक रोजगारको बिकल्प छैन ।" उनले बिभिन्न उदारणहरु दिदै वैदेशिक रोजगारमा देखिएका समस्याहरु स्पष्टसँग सवैलाई थाहा नै छ तर समस्या मात्र भनेर हुदैन । सावधानको उपायहरु अपनाउनुपर्छ । त्यो भनेको नीतिगत रुपमा ऐन, कानूनी समस्या छन् । ति ऐन कानूनहरुलाई परिमार्जन गरेर कामहरु गरिराखेका छौ । कतिपय काम गरिसकेको छौ भने कतिपय कार्यदल बनाएर काम भईराखेका छन् ।

यता कामदारहरुले वैदेशिक रोजगारमा जान लाखौ रुपैया तिरेका छन् । तर भोलि कुनै कामदार फस्यो नेपाल फर्क्यो भने १० हजारको मात्र रसिद हुन्छ यो सवैलाई थाहा छ । यस्ता समस्याहरुछन् । यसलाई कसरी व्यवहारिक बनाएर कामदारको पक्षमा काम गर्न सकिन्छ । त्यो गदैछौ ।

उनले थप्दै भने वैदेशिक रोजगारको शिलसिलामा गएका कुनै कामदार विदेशमा घाईते भई उपचार गराउने क्रममा नेपाल फर्केका त्यस्ता कामदारलाई पहिला उपचार खर्च दिने तर मृत्यु भएमा दोहोरो सुविधा नदिने जस्ता कानूनी समस्या थिए । त्यसलाई परिमार्जन गरेर उपचार खर्च पनि पाउने र मृत्यु भएका मृतकको परिवारले १० लाख पाउने व्यवस्था गरिएको छ । पहिला मृत्यु हुनेका परिवारले सात लाख पाउदै आएकोमा हाल उक्त रमकलाई तीन लाख बृद्धि गरेर १० लाख पुऱ्याएइको बताए ।

त्यसैगरी विशेष गरेर महिला कामदारहरु वैदेशिक रोजगारमा गएका तर अवैधानिक तरिकाले बसेका महिलाहरुलाई वैद्यानिक रुपमा अभिलेख राखेर वैद्यानिक बनाउन र विदेशमा दुःख पाईराखेका महिलाहरु रहेछन् भने उनिहरुलाई सजिलै नेपाल फर्काउन पहल गर्ने र उनिहरुलाई पुनः वैदेशिक रोजगारमा एकपटक गएर आईसकेपछि फेरी जान समस्या हुने गरेकोमा अहिले त्यस्तो समस्या हल गरिएको पनि उल्लेख गरे ।

महिलाको हकमा राम्रो तयारी गरेर विदेश पठाउ एक महिने तालिम दिएर पठाउन तयारी गरिरहेका छौ । महिलालाई राम्रो तालिम दिएर वैदेशिक रोजगारमा पठाउदा राम्रो हुन्छ। तर यहा राम्रो काम गर्दा त्यो राम्रो कामलाई एक खालका मासिहरु तोड्न खोजिरहेका हुन्छन् । त्यसैले यो मन्त्रालयको मात्र समस्या होइन । सामुहिक जिम्मेवारी पनि सवै लिनुपर्छ। त्यसकारण सवै जिम्मेवार बनौ भन्दै सवैसँग आग्रह समेत गरेका थिएका छन् ।

मन्त्री भण्डारीले हाल आफु जापान भ्रमण गरेर आएको र त्यहा नेपालीहरुले भोगिरहेको समस्याको वारेमा श्रम सम्बन्धि तीन जना मन्त्रीहरुसँग छलफल भएको आउदो १० बर्षमा एक करोड स्केल फुल कामदार जापानलाई चाहिने उल्लेख गर्नुभएको छ । हामीले नेपालमा उहाहरुलाई चाहिने स्केलको लागि नेपालमा नै ज्वाईन भेन्चरको रुपमा तालिम केन्द्र स्थापना गर्ने कुराको प्रस्ताव राखेको छौ । जापान नेपाली कामदार रुचाउने मुलुकमा पर्दछ ।

त्यसैले आउदा दिनमा सवै नागरिकले विदेशमा सिकेको सिप नेपालको आन्तरिक रोजगारमा काम लागोस भन्नको लागि ७५३ वटै स्थानीय तहसँग कुराकानी भईरहेको छ । १० वर्ष आन्तारिक रोजगार बनाउने तयारी गरेका छौ । जाहा ट्र्याकिङ सिस्टम लागु गर्ने तयारी गरेका छौ । यसो गर्दा नोपलीहरुको स्किल काहा कुन ठाउँमा के छ भनेर सरकारलाई काम गर्न सजिलो होस भन्ने उदेश्य हो । अहिले खाडी मुलुकमा श्रम गर्न गएर फर्केका कतिपय कामदारको नेपाल फर्केपछि डायोलाईसिसको समस्या आउने गरेका छन् । हामीले यता पनि ध्यान दिनुपर्ने छ । भनि मन्त्री भण्डारीले बोलेका हुन् ।

उनलाई सार्क राष्ट्रहरुसँग रोजगार सम्बन्धि सम्झौता, साउदी अरवसँगको सम्झौता, ईरोपमा काम गर्न जानको लागि भिजिट भिसामा गएका दुरुपयोग भएका जस्ता प्रश्नहरु पनि सोधिएका थिए ।

उक्त प्रश्नको उत्तरमा मन्त्री भण्डारीले हामीले सम्झौता गरेका राष्ट्रसँग ईन्टरनेशनल स्टाण्डर मेन्टेन गर्ने हो । तर हामीले सम्झौता नगरेका राष्ट्रहरुको आफ्नै नीति हुन्छ र उनिहरुले अन्तराष्ट्रिय श्रम सन्धि सम्बन्धि सम्झौतामा हस्तक्षर नगरेका राष्ट्रहरुले अन्तराष्ट्रिय स्टाण्डर मेन्टेन गर्न बाध्य हुदैनन् ।

सार्क सम्बन्धमा हामीले पटक पटक पहल गरेका छौ । तर सार्कका राष्ट्रहरु तयार नै भएका छैनन् । भिजिट भिसामा गएकाहरुलाई आजको युगमा निषेध गर्ने होइन तर व्यवस्थित बनाउन हामीले तयारी गरिराखेका छौ । यो नेपालको यतिवेलाको समस्या सवै हामी मिलेर सामुहिक रुपमा लाग्यौ भने मात्र धेरै कुराहरु गर्न सक्छौ त्यसैले सवैले आ-आफ्नो ठाउँवाट जानेका साथीहरुले सुझाव दिनुहुन, हामीले कतै अञ्जानमा गल्ती गरेका रहेछौ भने खवदारी गर्न मिलेर सावधान गर्न सकिने कामहरु रहेछन् भने मिलेर काम गर्न सवैसँग आग्रह गर्दछु । मन्त्री भण्डारीले १०० दिनको उपलब्धिको समिक्षा कार्यक्रमा दिएको अभिव्याक्ति हो यो । कार्यक्रम बबरमहलस्थित बसेर बुटिक होटलमा भएको थियो ।

उक्त कार्यक्रमको अध्यक्षता सचिव मुकुन्द प्रसाद निरौलाले गरेका थिए। निरौलाले कार्यक्रमको समापन गर्दै उपस्थित सवैलाई धन्यवाद दिएका थिए ।

# सरकारले सकारात्मक काम गरेन : नारायणकाजी

**विराटनगर–** केपी शर्मा ओली नेतृत्वको सरकारको सकारात्मक काम गर्न नसकेको नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री नारायण काजी श्रेष्ठले टिप्पणी गरेका छन् ।

विराटनगर विमानस्थलमा बुधबार सञ्चार कर्मीसँग उनले दुई ठूला दल मिलेर बनेको सरकारले काम गर्न नसकेका कारण सय दिन समीक्षा गर्न लायक नरहेको बताए ।

'दुई वटा पार्टी मिलेर निरंकुशतामा जाने संकेत सरकारले गइरहेको छ, अन्य राजनीतिक पार्टीलाई हस्तक्षेप गर्न, विभाजन गर्न अध्यादेश ल्याउने तयारी गरेको चर्चा पनि छ,' उनले भने, 'हामीले भ्रष्टाचार विरुद्ध अभियान चलायौँ । तर, अहिले सरकारको त्यो काम अगाडि बढाएको छैन ।'



बाढी पहिरो र डुबानमा परेकाहरुको खोज, उद्धार, राहत र पुनःस्थापनामा पनि सरकारले काम गर्न नसकेको बताउँदै उनले भने, 'यो सरकारले देश जनताको पक्षमा सकारात्मक काम गर्न सकेको छैन ।'

उनले माओवादी केन्द्रको ध्यान अहिले सरकार तिर नभएको बताए । 'सरकार चलेन, सरकारले सङ्कट नै ल्यायो भने हामीले सोच्ने कुरा हो । तर, हामी आफूले चाहिँ सरकार कहिले ढाल्ने र सरकारमा जाने भन्ने सोचेको पनि छैनौं,' उनले भने ।

# सिनेमा हलमा एमआरपी भन्दा बढी मूल्यमा लिएको पाइएमा कानुन अनुसार कारवाही गर्ने

**काठमाडौं–** सिनेमा हलभित्र पानी र खानेकुरा अधिकतम खुद्रा बिक्री भन्दा बढीमा बिक्री गर्न नपाइने भएको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले विज्ञप्ति जारी गर्दै एमआरपीभन्दा बढी मूल्य लिएको पाइए कानुन अनुसार कारवाही गर्ने चेतावनी दिएको छ ।

सोमबार विभाग र प्रदर्शक संस्था नेपाल चलचित्र संघबीच यसबारे छलफल र अन्तरक्रिया भएको जनाइएको छ । 'बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने, उपभोक्ताको हक अधिकार संरक्षण गर्ने सवालको सिलसिलामा उक्त छलफल भएको हो' छलफलपछि विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

चाडपर्व लक्षित बजार अनुगमनलाई तीव्रता प्रदान गरी बजार अनुगमन टोली परिचालन गरिएको समेत विज्ञप्तिमा जनाइएको छ ।

## खेलकुद

# नेपाल साफ महिला च्याम्पियनसिप फुटबलको फाइनलमा



**काठमाडौं–** नेपाल साफ महिला च्याम्पियनसिप फुटबलको फाइनलमा प्रवेश गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आइतबार भएको सेमिफाइनल खेलमा भारतलाई पेनाल्टी सुटआउटमा ४-२ ले पराजित गर्दै नेपाल फाइनल पुगेको हो । निर्धारित समयमा दुवै टोलीको १/१ गोल भएको थियो ।

दुवै टोलीले पहिलो हाफमा गोलरहित बराबरी खेलेका थिए । निर्धारित ४५ मिनेट तथा अतिरिक्त तीन मिनेटको समयमा पनि नेपाल र भारतले गोल गर्न सकेनन् । पहिलो हाफमा भारतले नेपालमाथि दबाब बनाइराख्दा नेपाल गोल गर्नबाट चुक्यो । नेपाल र भारत दुवैले केही उत्कृष्ट अवसर प्राप्त गरेपनि गोल गर्न भने सकेनन् ।

मध्यान्तरपछिको खेलमा नेपालकी रेखा पौडेलले रातो कार्ड पाएपछि मैदान छोड्नु परेको छ । खेलको ५१औँ मिनेटमा दोहोरो पहेँलो कार्ड पाएपछि उनले मैदान छोड्नु परेको हो । नेपाल अहिले १० खेलाडीमा सीमित बन्यो । रेखाले रातो कार्ड पाएपछि नेपाली दर्शकहरुले केहीबेर नाराबाजी गरेका थिए । दोस्रो हाफमा भारतकी संगीता बास्फोरले उत्कृष्ट गोल गर्दै अग्रता लिइन् । भारतले गोलको खुसी मनाइरहेको अवस्थामा नेपालले लगत्तै गोल गरेको थियो । तर रेफ्रीले उक्त गोललाई मान्यता दिएनन् । तनावका कारण खेल लामो समयसम्म खेल रोकिएको थियो ।

खेल पुनः सुरु भए लगत्तै नेपालकी सावित्रा भण्डारी 'साम्बा'ले गोल गर्दै खेललाई १/१ गोलको बराबरीमा पुऱ्याइन् । त्यसपछि गोल हुन नसक्दा खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा नेपालले ४ तथा भारतले २ वटा मात्र गोल गर्न सक्यो ।

दशरथ रंगशालामा नै आज दिउँसो भएको पहिलो सेमिफाइनल खेलमा बंगलादेशले भुटानलाई ७-१ गोलअन्तरले पराजित गर्दै फाइनलका लागि स्थान बनाएको हो ।

# विश्वकप क्रिकेट लिग-२ : अमेरिकासँग नेपाल ३ विकेटले पराजित

**काठमाडौं–** विश्वकप क्रिकेट लिग-२ मा नेपाल अमेरिकासँग पराजित भएको छ। आइतबार अमेरिकाको डालासमा भएको खेलमा अमेरिकाले नेपाललाई ३ विकेटले पराजित गरेको हो । नेपालले दिएको २८७ रनको लक्ष्य अमेरिकाले २ बल बाँकी छँदै पूरा गरेका हो ।

'प्लेयर अफ द म्याच' बनेका शायन जहाँगीरले अमेरिकाका लागि सर्वाधिक १०४ रन बनाए । ९७ बल सामना गरेका उनले १२ चौका र ४ छक्का प्रहार गरे । त्यस्तै मोनाकं पटेलले ६२ रन बनाए । त्यस्तै हर्मीत सिंहले ५७ रन बनाउँदा स्याड्ल भान श्यालवाएकले अविजित २९ रन बनाए । नेपालका लागि कुशल भुर्तेलले ४ विकेट लिए । ६ ओभर बलिङ गरेका उनले २३ रन खर्चिएका थिए । त्यस्तै सोमपाल कामीले २ विकेट लिँदा १ विकेट ललित राजवंशीको नाममा रह्यो ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै २८६ रन बनाएको थियो । नेपालका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ९६ रन बनाए । ७५ बल सामना गरेका उनले ८ चौका र ३ छक्का हाने । त्यस्तै दुई ओपनरले पनि अर्धशतकीय पारी खेले । अनिल साहले ५६ रन बनाउँदा आसिफ शेखले ५२ रन बनाए । त्यस्तै आरिफ शेखले ३७ रन बनाए । अमेरिकाका लागि नोस्तुस केन्जिगेले ४ विकेट लिए । त्यस्तै सौरभ नेत्रवलकरले २ विकेट लिँदा जसदीप सिंह, हर्मीत सिंह र श्यालवाएकले १-१ विकेट लिए ।

८ राष्ट्र सहभागी प्रतियोगिताको अंकतालिकामा सातौं स्थानमा छ । नेपालले लिग २ का दुई शृंखलामा खेलेका ८ खेलमा केवल एक जितमात्र निकालेको छ । ६ खेलमा पराजित नेपालको गत महिना ओमानसँग क्यानडामा खेलिएको खेल वर्षाले रद्द भएको थियो । क्यानडामा नेपालले क्यानडा र ओमानसँग २-२ खेलमा बटुलेको त्यही १ अंक थियो । त्यसअघि नेपालले फेब्रुअरीमा घरेलु मैदानमा भएको नेदरल्यान्ड्स र नामिबियासँगको २-२ खेलमा एकमात्र विजय हात पारेको थियो ।

आइतबारको खेलबाहेक नेपाल र अमेरिकाबीच भएको पछिल्ला ५ एकदिवसीय अन्तर्राष्ट्रियमा दुवै टोलीले २-२ खेल जितेका थिए भने एक खेल 'टाइ' भएको थियो । सन् २०२२ मा लिग २ का लागि अमेरिका जाँदा नेपालले अमेरिका र ओमानविरुद्धका ४ खेलमा २ खेलमा पराजित हुँदै १ खेल जितेको थियो भने १ खेल 'टाइ' भएको थियो । तर, नेपालले अघिल्लो साता अमेरिकाविरुद्ध डालासमै भएको ट्वान्टी-२० अन्तर्राष्ट्रिय शृंखला ३-० ले 'क्लिन स्विप' गरेको थियो ।

जनआकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १२, २०८१ साल कातिक १३ गते मंगलबार (Oct 29, 2024)

# सङ्खुवासभामा मादलको व्यापार घट्दो



**खाँदबारी-** सङ्खुवासभाको खाँदबारीमा तिहार आउनै लाग्दा मादल खरिदबिक्री शुरु भएको छ । गीतसङ्गीतमा ताल बाजाको रुपमा मादल बढी नै प्रयोग गरिन्छ । चाडपर्वलाई लक्षित गरी सदरमुकाम खाँदबारीलगायत जिल्लाका अन्य मुख्य बजारमा समेत मादल बिक्री हुन थालेको छ । तिहारमा देउसी, भैलो खेल्दा मादल प्रयोग हुने भएकाले तिहार लक्षित मादल बिक्री शुरु भए पनि व्यापार भने घट्दो छ ।

एउटा मादलको मूल्य तीन हजारदेखि १५ हजारसम्म पर्ने गरेको छ । सानो र ठूलो मादलको मूल्य फरकफरक पर्दछ । मादल व्यवसाय गर्दै आएका भोजपुर षडानन्द नगरपालिका-६ केउरेनिपानीका शेरबहादुर सार्कीले मादलबाट वार्षिक एक लाख ५० हजार आम्दानी हुने गरेको भए पनि पछिल्लो वर्षहरुमा व्यवसायमा निरासा आएको बताए ।

केही वर्षअघिसम्म ठूला चाडपर्व, स्थानीय मेलापर्वमा मादल बजाएर नाच गान गर्ने चलन थियो । तिहारमा गाउँका टोलटोलमा मादल बजाएर देउसी भैलो खेल्नेको थुप्रै समूह पाइन्थ्यो । तर आधुनिकतासँगै विद्युतीय बाजाको प्रयोग बढ्न थालेपछि मादलको महत्व कम हुँदै गएको हो । डिजिटल गीतसङ्गीतको कारण मादल नै सङ्कटमा पर्न थालेको छ । जसले गर्दा यो व्यवसायमा लागेकालाई भने झनै समस्या पर्दै गएको भोजपुर दिङ्लाकै अर्का मादल व्यवसायी बलबहादुर बयलकोटीले बताए । पहिलेपहिले जोर मादल बजाएर आँगनमा देउसी खेलिन्थ्यो तर अहिले क्यासेट बजाएर सिकुवामा देउसी खेल्ने चलनले मादल लोप हुँदै गएको बयलकोटीले बताए ।

विद्युतीय बाजा सस्तोमा पाइने भएकाले मादल बिक्रीमा कमी हुँदा मादल बजाउनेकै सङ्ख्या पनि कम हुँदै गएको छ । पछिल्लो समय मादल बिक्री हुन छोडेपछि इलेक्ट्रोनिक्स साउण्ड सिस्टमको माग बढी रहेको व्यापारी बताउँछन् । ठूला-ठूला मेला महोत्सवका लागि मात्र प्रयोग हुने विद्युतीय बाजा हिजोआज तिहारमा भैलो खेल्नका लागि पनि प्रयोग हुन थालेका कारण मादल बनाउने पेसा अँगालेका व्यक्तिको व्यवसाय नै सङ्कटमा पर्दै गएको छ ।

पृष्ठ १ बाट जारी

## प्रधानमन्त्री ओली...

मात्रै प्रधानमन्त्री होइन । राष्ट्रपति पनि त्यही हो, राष्ट्रपति दल विशेषको हुँदैन, राष्ट्रको प्रमुख हुन्छ । सभामुख, प्रधानन्यायाधीश सबै पद साझा पद हुन् । हामीले त्यस हैसियतले काम गर्ने हो ।"

आफू सन् १९९९ तिर मा मस्को जाँदा डा उमेन्द्र महतोसँग गैरआवासीय नेपाली अभियानबारे कुरा भएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले एनआरएनएलाई पहिचान र आवश्यक सुविधा दिन सरकारले कञ्जुस्याईं नगर्ने पनि स्पष्ट पारे ।

पृष्ठ ३ बाट जारी

## खुर्कोटको पुल...

नेपाली सेनालाई एक कार्यक्रमको आयोजनागरी धन्यवाद व्यक्त गरेको छ ।

यो बेलिब्रिज उद्घाटन भएसँगै गाडी चल्न थालेको रामेछापका प्रहरी प्रमुख एवं डिएसपी प्रदिप कुमार सिंहले बताउनुभयो । गत असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण खुर्कोटको पुल सुनकोसी नदीमा आएको बाढीले रामेछाप पटीको भाग बगाएको थियो । बाढीले खुर्कोटको पुल बगाउँदा रामेछाप आवतजावत गर्न वैकल्पिक सडक दोलखा हुँदै र सित्खा पुल पार गरेर कष्टकर यात्रा गर्नु परेको थियो । बेलिब्रिज पुल एकतर्फी सञ्चालन हुनेछ ।

सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ खुर्कोट र रामेछापको मन्थली नगरपालिका-६ को बेतिनी जोड्ने करिब १८ करोडको लागतमा १० वर्षअघि बनेको सुनकोशीको १०० मिटर लम्बाइ रहेको पुल बाढीले ५१ मिटर बगाएको थियो । रामेछाप, दोलखा, सोलुखुम्बु र ओखलढुङ्गाका केही भागलाई तराईसँग जोड्न बीपी राजमार्ग र मध्येपहाडी राजमार्गका लागि सुनकोसी नदीको पुलले सहज पार्दै आएको छ । यो बेलिब्रिज निर्माण गर्न ऊर्जा जलस्रोत तथा सिचाई राज्य मन्त्री पूर्ण बहादुर तामाङ (कान्छाराम) खुर्कोटमा नेपाली सेनासँगै आफै लागिपर्नु भएको थियो ।

# अन्तराष्ट्रिय

## जापानमा सत्तारुढ दलले बहुमत गुमाउने




टोकियो- जापानको सत्तारुढ लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) र यसको साझेदार कोमेटोले आइतबार भएको मतदानमा तल्लो सदनमा बहुमत गुमाउने देखिएको छ । एनएचकेले मतदाताहरूमा गरेको सर्वेक्षणअनुसार प्रधानमन्त्री सिगेरु इसिबालाई गठबन्धन सरकार गठनका लागि तेस्रो दल खोज्नुपर्ने अवस्था आउने देखिएको हो ।

त्यस्तै अवस्थामा इसिबाले गठबन्धनका लागि डेमोक्रेटिक पार्टी फर पिपुल (डीपीपी) सँग सहकार्य गर्ने अनुमान गरिएको छ । संसद्मा हरेक कानुनका लागि वार्ता गर्नु पर्ने अवस्थाले राजनीतिक अस्थिरता बढाउने मात्र होइन, एलडीपी प्रशासनलाई कमजोर बनाउने निश्चित छ ।

प्रधानमन्त्री सिगेरु गत अक्टुबर ९ मा संसद् भंग गर्दै चुनाव घोषणा गरेका थिए । एलडीपीको नेता चयन भएको तीन दिनपछि नै सिगेरुले चुनावको घोषणा गरेका थिए । त्यस बेला उनले औपचारिक रूपमा प्रधानमन्त्रीको शपथसमेत लिन बाँकी थियो ।

यसअघि एलडीपी र कोमेटोको ४ सय ६५ सदस्यीय संसद्मा स्पष्ट बहुमत थियो । यसअघिको निर्वाचनमा एलडीपीले संसद्को तल्लो सदनमा २ सय ४७ सिट जितेको थियो । उनको गठबन्धन साझेदार कोमेटोको ३२ सिट थियो । सदनमा बहुमतका लागि २ सय ३३ सिट चाहिन्छ ।


## इजरायलद्वारा इरानको सैन्य इलाकामा हमला



दुबई / जेरुसलेम – इजरायलले शनिबार बिहान इरानको सैन्य इलाकामा हमला गरेको छ । इरानी मिडियाले राजधानी तेहरान र नजिकैका आधारहरूमा धेरै विस्फोटहरू भएको रिपोर्ट गरिरहेका छन् ।

अक्टोबर १ मा इरानले गरेको बलिस्टिक क्षेप्यास्त्र आक्रमणको जवाफमा शनिबार इजरायलले पनि आक्रमण गरेको हो । इरानले इजरायलमाथि करिब २०० मिसाइलहरू प्रहार गरेको थियो । इजरायलले लेबनानमा इरानको समर्थन रहेको हिजबुल्लाहको शीर्ष नेतृत्वको हत्या गरेपछि आक्रमण गरेको हो ।

'इजरायलविरूद्ध इरानबाट महिनौंको निरन्तर आक्रमणको प्रतिक्रियामा अहिले इजरायल रक्षा बलहरूले इरानका सैन्य लक्ष्यहरूमा सटीक हमला गरिरहेको छ,' इजरायलको सेनाले एक विज्ञप्तिमा भनेको छ ।




बालबालिकालाई निमोनियाबाट जोगाऔं

निमोनियाबाट बालबालिकालाई बचाउन,

- नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# "जेरी अन टप" को छायांकन सुरु, अनमोलको बुबाआमा बन्दै भुवन र विपना



**काठमाडौं–** बलियो 'स्टारकास्ट' लिएर फिल्म 'जेरी अन टप'को छायांकन सुरु गरिएको छ । सोमबार बिहान पाटनस्थित बगलामुखी मन्दिरमा फिल्मको शुभ मुहूर्त गरेपछि निर्माण टिम छायांकनमा निस्किएको हो । मुहुर्तमा फिल्मका मुख्य कलाकारहरु केदार घिमिरे (माग्ने बुढा), विपना थापा, अनमोल केसी, आँचल शर्मा, जसिता गरुङ लगायतको उपस्थिति थियो । मुहुर्तअघि बगलामुखी मन्दिरमा फिल्मका कलाकारहरु विशेष पूजाआजामा सहभागी भएका थिए ।

मुहूर्तपछि फिल्मको छायांकनका लागि निर्माण टिम धुलिखेल प्रस्थान गरेको छ । त्यहाँ तीन दिनसम्म छायांकन हुने निर्माता सरोज न्यौपानेले जानकारी दिए । त्यसपछि काठमाडौं, लुक्ला र भारतको लद्दाख (बलिउड फिल्म 'थ्री इडियट्स' खिचिएको ठाउँ)मा छायांकन हुने उनले बताए । उनका अनुसार, फिल्मको छायांकन सेड्युल ६० दिनको राखिएको छ ।

मुहूर्तमा अनमोलले फिल्म त्रिकोणात्मक प्रेमकथामा बन्न लागेको जानकारी दिए । पहिलो पटक केदार घिमिरेसँग काम गर्न पाएकोमा पनि उनले खुसी व्यक्त गरे । 'छक्का पञ्जाको हरेक श्रृंखलामा केदार दाईको इन्ट्री हुँदा ताली बजाउनेमा म पनि पर्छु । म उहाँको फ्यान हुँ । उहाँको ऊर्जाबाट पनि म प्रभावित छु ।' केदारले भने 'जेरी अन टप'मा जोडिन पाएकोमा खुसी लागेको बताए ।

सुयोग गुरुङको निर्देशनमा बन्न लागेको फिल्ममा भुवन केसी, सुरक्षा पन्त, निर्मल शर्मा, संगीता मगर, सुष्मा निरौला लगायतको पनि अभिनय रहनेछ । यसमा भुवन र विपनाले अनमोलको बुबा-आमाको भूमिका निर्वाह गर्नेछन् । १८ वर्षपछि उनीहरुले एकसाथ काम गर्न लागेका हुन् । अनन्या फिल्म्स र भण्डारी मल्टिट्रेडको ब्यानरमा निर्माण हुने फिल्मलाई आगामी फागुन २ गतेदेखि प्रदर्शनमा ल्याउने तयारी गरिएको छ ।

फिल्मको कथा हेमराज बिसीको हो भने विश्व तिमिल्सेनाको पटकथा छ । उज्जवल जोशीको छायांकन रहने फिल्ममा सुरेन्द्र पौडेलको सम्पादन रहनेछ । फिल्मको निर्माणमा सरोज न्यौपानेलाई दीपक भण्डारी, रोबिन सेरचन, रामकृष्ण श्रेष्ठले सघाएका छन् । कार्यकारी निर्मातामा इश्वर श्रेष्ठ र अनिरुद्र गिरी छन् भने ओमप्रकाश अग्रवाल र विवेक थापा एसोसिएट निर्माता छन् ।

# "पूर्ण बहादुरको सारङ्गी" जुम्लाको स्याउ हो : निर्देशक पौडेल

**काठमाडौं–** यही कात्तिक १५ गते अर्थात् तिहारको लक्ष्मीपूजाबाट फिल्म 'पूर्ण बहादुरको सारङ्गी' प्रदर्शनको तयारीमा छ । सारङ्गी बजाएर परिवारको जीविकोपार्जन गर्ने एक बाबुले छोराका लागि गरेको त्याग र देखेको सपनामा फिल्मको कथावस्तु केन्द्रित छ । टिजर र ट्रेलर हेर्दा फिल्मको कथा मौलिक लाग्छ । यसैले निर्देशक सरोज पौडेल फिल्मलाई जुम्लाको स्याउको रुपमा अर्थ्याउँछन् ।

आइतबार पत्रकारसँगको कुराकानीमा उनले भने, 'यो विशुद्ध पारिवारिक फिल्म हो । एउटा बाबुले सन्तानका लागि देखेको सपना र गरेको संघर्षमा फिल्म आधारित छ । फिल्मले दर्शकको चित्त बुझाउँछ भन्नेमा पूर्ण विश्वास छ । स्याउको ठूलो बजारमा यसपालिको दशैंमा जुम्लाको स्याउको विशेष महत्त्व रह्यो । हामीले पनि फिल्मको मार्केटमा जुम्लाको स्याउको रुपमा 'पूर्ण बहादुरको सारङ्गी'लाई सोचेका छौं ।'

निर्देशक पौडेल फिल्ममा सारङ्गीलाई पात्रको रुपमा खडा गरिएको बताउँछन् । गन्धर्व समुदायको कथामा फिल्म बनेकाले नाममा पनि सारङ्गी राखेको उनको भनाई छ । भन्छन्, 'फिल्मको कथा सारङ्गीसँग जोडिएको छ । र, सारङ्गी पनि एउटा पात्रको रुपमा उभिएको छ । सारङ्गी हामी नेपालीका लागि प्रिय बाजा हो । त्यसैको साहरामा गुजरा चलाउने गन्धर्व परिवारको कथा यसमा छ । गन्धर्व भन्ने वितिक्कै सारङ्गी जोडिन्छ । यसैले नाममा पनि सारङ्गी राखेका हौं ।'



निर्देशक पौडेललाई फिल्मको कथा बुबाको निधनपछि फुरेको रहेछ । लकडाउन सकिएको एक महिनापछि उनको बुबाको निधन भएको थियो । काजकिरिया सकेर घर फर्किएपछि उनले बुबाबिनाको जुन अनुभव गरे, त्यसपछि उनले सन्तानका लागि बुबाले कस्ता सपना देख्छन् भन्ने कथामा फिल्म बनाउने सोच बनाए । 'हाम्रो बुबा आर्थिक रुपमा ठीकै हुनुहुन्थ्यो होला । तर, ' ग्राउन्ड लेभल'का बुबाहरुले पनि त सन्तानका लागि विभिन्न सपना देखेका हुन्छन् । तिनै कुरा सोच्दै जाँदा एउटा चीज फुर्‍यो र त्यसलाई अझ 'ग्राउन्ड लेभल'मा भएका बुबाहरु सोच्दै जाँदा पूर्णबहादुरको कथा आयो, जसले सारङ्गी रेटेर जीविका चलाउँछ । र, सन्तानका लागि सपना देखेको छ,' उनी सुनिए ।

उनी 'पूर्ण बहादुरको सारङ्गी'लाई बुबाहरुको मात्र कथा भने मान्दैनन् । 'यो बुबाहरुको मात्र कथा होइन । आमा, दिदीहरुले पनि बुबाको भूमिका निभाइरहनुभएको हुन्छ । समग्रमा अभिभावकको कथा हो यो,' उनी भन्छन्, 'आमाको बारेमा धेरै चीजहरु आइरहेको हुन्छ । बुबाको बारेमा धेरै कथा भनिएको छैन । यसैले बुबाको बारेमा पनि कथा भन्नुपर्छ भन्ने सोचले फिल्म बनाएका हौं ।' निर्देशक पौडेलले फिल्मको सबैभन्दा सशक्त पक्ष 'इमोसन'लाई मानेका छन् ।

# "सानो संसार" : प्रिमियरमा प्रशंसाको वर्षा, हलमा दर्शकको हाहाकार



**काठमाडौं–** नेपाली फिल्म हलमा भन्दा ज्यादा प्रिमियरमा प्रशंसित र सुपरहिट हुन्छन् । प्रायः नेपाली फिल्मको प्रिमियरमा हलको सिट नै खाली हुँदैन । प्रशंसा उस्तै ओइरो आउँछ । हलमा निदाएर उठेकाहरु पनि मिडियाको अगाडि प्रशंसाको पूल बाँधिदिन्छन् । र, त्यसलाई जित ठानेर फिल्मकर्मीहरु गदगद भइरहेका हुन्छन् । तर, जब फिल्म रिलिज हुन्छ, तब माहोल नै अर्कै देखिन्छ । प्रिमियरमा 'हाउसफुल' भएको फिल्म हलमा दर्शक अभावले दुई दिन पनि टिक्न सक्दैन ।

दुईपटक प्रदर्शनमा आएको फिल्म 'सानो संसार'को हकमा पनि यस्तै देखियो । गत असोज ११ गते पहिलो पटक फिल्म प्रदर्शनमा आएको थियो । त्यसको तीन दिनअघि गरिएको प्रिमियरमा फिल्मले सानदार प्रतिक्रिया पायो । प्रिमियरमा पुगेका हरकोहीले उत्कृष्ट पारिवारिक फिल्मको संज्ञा दिए । तर, रिलिजको दिनदेखि परेको वर्षाले देशभरको जनजीवन प्रभावित भएपछि व्यापार डामाडोल बन्यो । अन्ततः निर्माताले पुनः प्रदर्शन गर्ने निधो गर्दै दुई दिनमै हलबाट फिल्म उतारे ।

यही शुक्रबार फिल्मलाई पुनः प्रदर्शन गरियो । त्यसको दुई दिनअघि पुनः प्रिमियर गरिएको थियो । दोस्रो प्रिमियरमा पनि फिल्मले प्रतिक्रिया उस्तै बुलन्द पायो । तर, दुईपटकको प्रिमियरमा भएको वाहवाहीले पनि फिल्मलाई रि-रिलिजमा बचाउन सकेन । '१२ गाउँ' र 'छक्का पञ्जा ५'को चुनौतीका बीच पुनः प्रदर्शन भएको 'सानो संसार'ले शनिबार समेत दर्शक आकर्षित गर्न नसकेपछि धेरै हलहरुले दुई दिनमै फिल्मलाई उतारिसकेका छन् ।

देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले सोमबारका लागि फिल्मलाई जम्मा दुईवटा शो दिएको छ । र, दुईवटैमा बुकिङ हदै कमजोर छ । आइएनआई सिनेमाज्, बिग मुभिज, वान् सिनेमाज्, एफक्युब लगायत काठमाडौंका ठूला मल्टीप्लेक्सहरुबाट भने फिल्म उत्रिसकेको छ । यद्यपि, जतिले फिल्म हेरेका छन्, प्रशंसा गरेको देखिन्छ । तर पनि फिल्मलाई दर्शकको हाहाकार छ ।

'सानो संसार'को असफलताले एउटा कुरा प्रमाणित गर्छ, प्रिमियरमा हुने वाहवाहीले कुनै अर्थ राख्दैन । र, यो फिल्मले हलमा घुँडा टेक्नुमा केही कारण महत्त्वपूर्ण छन् । यसमा स्थापित कलाकार थिएनन् । गीत र ट्रेलर पनि कमजोर निस्किए । प्रचार निर्माताको फेसबुकमा मात्र सीमित रह्यो । जसले गर्दा फिल्मप्रति दर्शकको ध्यान नै जान सकेन । दुईपटक नै 'सानो संसार' भगवान् भरोसामा रिलिज भएको थियो । तर, आशीर्वाद '१२ गाउँ' र 'छक्का पञ्जा ५'लाई मात्र रह्यो ।

## प्रिय श्रमिक



### तिला लेकाली

रचनाकाल : २०७८/०१/१८

यो वर्षा सायद तिम्रै पसिना/आँसु हो
जो बेहद बर्सिरहेछ युगौँदेखि आजसम्म
तिम्रा बालबच्चाले खान नपाउँदाको रोदन
भक्कानिएको मनको आर्तनाद हुनसक्छ ।

वर्षासँगै आकाशको यो गड्याङ्गुडुङ्
मिलिक्क चम्किएको बिजुली
लाग्छ तिमीभित्रको उज्यालो/चेतना हो
जुन झुल्कियो र हरायो क्षणभरमै
जसरी हराइरहेछ
तिम्रो कला/श्रमको मूल्य ।

यो बर्लँसीबाट खसेका पानीका धारा हेर्दै
युगौँदेखि अविछिन्न तिम्रो नियती सम्झिँदै
म अर्पण गर्दैछु, एक भूगोल सम्झना
तिमीलाई नै
आज श्रमिक दिवसको दिन
प्रिय श्रमिक

# थलापति विजयभन्दा महंगा बने अल्लू अर्जुन



**काठमाडौं–** कुनै बेला बलिउडको छायाँमा परेको साउथ फिल्म यतिबेला हलिउडलाई समेत टक्कर दिने अवस्थामा पुगिसकेको छ । फिल्मको सफलता र मेकिङमा साउथभन्दा बलिउड धेरै पछाडि देखिन्छ । विशेषगरी एक्सन केन्द्रित साउथ फिल्मले जुन रुपमा सफलता पाइरहेका छन्, त्यहाँका स्टारहरु पनि उत्तिकै महंगा बनिरहेका छन् । उच्च पारिश्रमिक बुझ्नेमा साउथकै स्टारहरु अगाडि छन् ।

सुपरस्टार थलापति विजयले आफ्नो करिअरको अन्तिम फिल्म 'थलापति ६९'का लागि २७५ करोड भारु पारिश्रमिक लिएर भारतकै सबैभन्दा महंगा अभिनेता बनेका थिए । अब उनीभन्दा महंगा अभिनेता अल्लू अर्जुन बनेका छन् । उनले प्रदर्शनको सम्मुखमा रहेको आफ्नो नयाँ फिल्म 'पुष्पा २'का लागि भारु तीन सय करोड पारिश्रमिक बुझेको ट्र्याक टलिउडले उल्लेख गरेको छ । योसँगै उनी सबैभन्दा महंगो पारिश्रमिक बुझ्ने भारतीय अभिनेता बनेका छन् ।

'पुष्पा'को सफलताले अल्लूको 'स्टार भ्यालु' मात्र बढाएन, उनको पारिश्रमिकमा पनि उल्लेख्य वृद्धि गर्‍यो । 'पुष्पा'का लागि उनले करिब ५० करोड पारिश्रमिक बुझेका थिए । 'पुष्पा २'को सफलतापछि उनको पारिश्रमिक थप वृद्धि हुनसक्ने देखिन्छ । यो फिल्म आगामी मंसिर २० गते प्रदर्शनमा आउँदैछ । यसले भारतीय बक्स अफिसमा सुनामी ल्याउने प्रक्षेपण गरिएको छ ।

ब्रान्डकै कारण 'पुष्पा २'ले रिलिज अगावै डिजिटल राइट्सबाट लगभग लगानी सुरक्षित गरिसकेको छ । ५ सय करोडको बजेटमा निर्माण भएको फिल्मको ओटीटी राइट्स मात्र २७५ करोड भारुमा नेटफ्लिक्सले किनिसकेको छ भने म्यूजिक राइट्स ६५ करोड र स्याटलाइट राइट्स ८५ करोड भारुमा बिक्री भएको छ । यसले भारतमा ८ सय करोडको आँकडा नघाउने आँकलन गरिएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १२, २०८१ साल कातिक १३ गते मंगलबार (Oct 29, 2024)

# ‘इन्सेन्टिभ’ दिँदा र अप्ठेरोमा पर्दा पनि मर्जरमा इच्छुक देखिएनन् लघुवित्त

**काठमाडौं–** सहुलियत दिँदा समेत लघुवित्त वित्तीय संस्थाहरु मर्जरमा जान इच्छुक नदेखिएपछि राष्ट्र बैंकले दबाब दिन थालेको छ ।

सहुलियत दिएर मर्जरलाई प्रोत्साहन गर्दा पनि चालु आर्थिक वर्ष अहिलेसम्म कुनै पनि लघुवित्त जोडी बाँध्न इच्छुक नदेखिएपछि राष्ट्र बैंकले दबाब दिन थालेको हो ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा लघुवित्त संस्था सुपरिवेक्षण विभाग प्रमुख विमलराज खनालले प्रोत्साहनको नीतिले काम नगरेका कारण मौखिकरुपमा दबाब दिन थालेको बताए ।

‘हामीले मौद्रिक नीतिमार्फत नै सहुलियतको कार्यक्रम ल्याएका छौं । तर, सहुलियतको नीतिले लघुवित्तको संख्या घट्ने देखिएन । त्यसैले अहिले हामीले फोर्स मर्जरभन्दा पनि मौखिक रुपमा दबाब दिइरहेका छौं,’ उनले भने, ‘थोरै पुँजी भएका कारण टेक्नोलोजी भित्र्याउन गाह्रो गर्ने, थप व्यवसाय विस्तार गर्न समस्या देखिएका र नियामकीय प्रावधान अनुसार सीमा कायम गर्न नसकेका संस्थाहरुलाइ मर्जरमा जान भनिरहेका छौं ।’

चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत २०८२ असार मसान्तसम्म मर्जरमा जाने लघुवित्तलाई सहुलियत दिने व्यवस्था गरिएको छ । ‘गत आर्थिक वर्ष ६ संस्था मर्जरमा गएर लघुवित्तको संख्या तीन वटा घटेको थियो । यो वर्ष अहिलेसम्म कसैले पनि इच्छासमेत देखाएका छैनन्,’ खनालले भने ।

हाल लघुवित्तको संख्या ५२ छ । लघुवित्तको संख्या धेरै हुँदा प्रभावकारी नियमन हुन सकेको छैन । संख्या धेरै भएका कारण लघुवित्तहरुलाई नै व्यवसाय गर्न गाह्रो भइरहेको छ । एकै व्यक्तिलाई धेरै संस्थाले ऋण दिएका कारण असुली प्रभावित हुन पुगेको छ । यिनै कारण राष्ट्र बैंकले संख्या घटाउन चाहेको हो ।

राष्ट्र बैंकको लघुवित्त वित्तीय संस्थाका समस्या र समाधानसम्बन्धी अध्ययन प्रतिवेदनले संख्या घटाउनुपर्ने औंल्याएको छ। लघुवित्त पीडितहरूको समस्या समाधानका लागि सरकारले गठन गरेको कार्यदलले समेत संख्या घटाउन सुझाव दिएको छ ।

लघुवित्तको समस्या समाधानसम्बन्धी प्रतिवेदन अर्थमन्त्री विष्णु पौडेललाई बुझाउँदै राष्ट्र बैंककी डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिना

‘यसअघि तयार पारिएको प्रतिवेदनमा क्यापिटल एडुकेसी रेसियो टाइट भएका, खराब कर्जा उच्च भएका र अन्य कम्प्लायन्स पालना गर्न नसकेका संस्थाहरुलाई मर्जरका लागि जोड दिन सकिने उल्लेख छ,’ खनालले भने, ‘अहिले क्यापिटल एडुकेसी रेसियो टाइट भएर व्यवसाय नै गर्न नसकेका र अन्य विभिन्न कम्प्लायन्स कायम गर्न नसकेका संस्थाहरुलाई मर्जरमा जाउ भनिरहेका छौं ।’

लघुवित्त बैंकर्स संघका अध्यक्ष तथा नेसनल माइक्रोफाइनान्सका सीइओ रामबहादुर यादव लघुवित्तहरुका लागि मर्जर विकल्प नरहेको तर राष्ट्र बैंकको सहुलियत प्रोत्साहन गर्ने खालको नभएको बताउँछन् ।

‘मर्जर नेपाल राष्ट्र बैंकको नीति मात्रै नभएर हामी सबैले चाहेको हो । त्यसका लागि सबै कुरा मिल्नुपर्छ । इन्सेन्टिभ हेरर मर्जरमा गइहाल्ने भन्ने हुँदैन,’ उनले भने, ‘लघुवित्तहरु अहिले पालैपालो साधारण सभाको तयारीमा छन् । एजीएम सकिएपछि मर्जरमा जान्छन् । राष्ट्र बैंकले धैर्य गर्नुपर्छ ।’

उनका अनुसार कतिपय लघुवित्तहरुले मर्जरका लागि छलफल चलाइरहेका छन् । ‘मर्जरका लागि मर्जरमा गएर भएन । मर्जरपछि सिनर्जी आउनु पर्छ । त्यो सिनर्जी आउनका लागि राष्ट्र बैंकले दिएको सहुलियत सपोर्ट गर्ने खालको हुनुपर्ने हो । तर, छैन,’ उनले भने ।

लघुवित्तहरुले मर्जरका लागि खासगरी राष्ट्र बैंकले क्यापिटल एडुकेसी रेसियोको सीमा बढाइदिओस् भन्ने चाहेका छन् । उनीहरुले हकप्रद सेयर पनि खोजेका छन् ।

मर्जरमा जाने लघुवित्तलाई १५ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्दा सामाजिक उत्तरदायित्व कोषमा थप रकम छुट्याउनु नपर्ने, एकीकृत कारोबार गरेको एक वर्षसम्म यस्तो सुविधा पाउने लगायत सहुलियत छ ।

विजय लघुवित्तका सीइओ वसन्त लम्साल राष्ट्र बैंकको इन्सेन्टिभ मर्जरलाई प्रोत्साहन गर्ने खालको नरहेको बताउँछन् । ‘यसअघि कमर्सियल बैंकहरुलाई दिएजस्तो इन्सेन्टिभ नहुँदा लघुवित्त संस्थाहरु मर्जरका लागि उत्साहित भइहाल्ने अवस्था छैन,’ उनले भने ।

तर, अप्ठेरोमा परेका संस्थाहरुसँग मर्जरमा जानुको विकल्प नरहेको उनको भनाइ छ ।

# बाइकको बजार रिभाइभको बाटोमा, आयात ४०% ले बढ्यो



**काठमाडौं–** नेपाली अटो बजारमा दुई पाङ्गे सवारी साधनको बिक्री पछिल्लो समय लयमा फर्किन थालेको छ । माग घटेर दुई वर्ष अगाडि वार्षिक एक लाख युनिट मुस्किलले बिक्री भएकामा यसपालि तीन महिनामै साढे ६८ हजार युनिट आयात भइसकेको छ ।

दुई पाङ्गे इन्धन सवारीसाधनको आयात गत आर्थिक वर्ष पहिलो तीन महिनाको तुलनामा यसवर्ष सोही अवधिमा करिब ४० प्रतिशतले बढेको छ ।

पोहोर साउनदेखि असोजमा ४२ हजार बाइक र स्कुटर आयात भएकामा यो वर्ष सोही अवधिमा साढे ६८ हजारको संख्यामा भित्र्याइएको छ । जबकि पोहोर वर्षदिनमा १ लाख ३४ हजार युनिटभन्दा आयात भएको थिएन ।

एक वर्षमा ३ लाख भन्दा धेरै बाइक र स्कुटर बेचेका बिक्रेताहरु बजार विस्तारै रिभाइभ हुन थालेको बताउँछन् । उनीहरुले बजारमा माग बढेकै कारण आयात बढाउँदै लगेको बताए ।

यामाहाको बाइक बिक्रेता कम्पनी एमएडब्लू राइड्सका कार्यकारी निर्देशक दीपक अग्रवाल बजारमा देखिएको पोजेटिभ सेन्टिमेन्टले बाइक र स्कुटरको बिक्री बढेको बताउँछन् ।

‘आर्थिकरुपमा सेन्टिमेन्ट पोजेटिभ हुँदै गएको देखिन्छ । सेयर बजारमा एक वर्ष अगाडिको तुलनामा सुधार भएको छ । इनकममा सानो सुधारले पनि प्रभाव पार्छ,’ अग्रवालले भने, ‘अहिले हामीहरुको सेल्स गत वर्षभन्दा ३० प्रतिशत हाराहारी बढेको छ । सधैं झैं यो पटक पनि विभिन्न स्किमका साथै फाइनान्सको सुविधा ल्याएका छौं । ग्राहकको इन्ट्रेस्ट र क्षमता बढेकाले पनि बाइक र स्कुटरको सेल्स बढेको हो ।’

चालु आवको तीन महिनामा ८ अर्ब १० करोड ६१ लाख रुपैयाँ बराबरका ६८ हजार ५४० युनिट बाइक र स्कुटर आयात भएको भन्सार विभागको तथ्यांक छ । दुई पाङ्गे सवारीसाधन आयातमा सरकारले ८ अर्ब ३७ करोड ८४ लाख रुपैयाँ राजस्व संकलन गरेको छ ।

गत वर्ष सोही अवधिमा ४ अर्ब ७५ करोड ४२ लाख रुपैयाँ बराबरका ४२ हजार ११५ युनिट दुई पाङ्गे सवारी आयात हुँदा ४ अर्ब ९३ करोड ३८ लाख रुपैयाँ राजस्व उठेको थियो ।

यसपालि तीन महिनामा आयात भएकामध्ये ७० प्रतिशत बाइक र स्कुटर बिक्री भइसकेको कम्पनीहरुले बताएका छन् ।

सुजुकी बाइकको आधिकारिक बिक्रेता भिजी अटोमोबाइल्सका महाप्रबन्धक धिरज भट्टराई पनि बजार विस्तारै रिभाइभको बाटोमा रहेको बताउँछन् ।

‘दुई वर्षअघि एकैपटक डाउनफल भयो । सधैं घटिरहने भन्ने त हुँदैन । अहिले विस्तारै डिमान्ड बढिरहेको छ,’ उनले भने, ‘दुई पाङ्गेको बजार ३ लाख युनिटभन्दा बढी थियो । यो वर्ष २ लाख युनिट बिक्री हुने संकेत देखिएको छ ।’

दुई पाङ्गे सवारीसाधनको बजारमा नयाँ ब्रान्ड पनि थपिने क्रम जारी छ । डेढ वर्षसम्म नेपाली बजारमा एउटै बाइक नल्याएको हिरोले यो वर्ष १२ हजार युनिट ल्याइसकेको छ ।

यसैगरी नयाँ ब्रान्ड ट्राइम्फ बाइक २०० युनिट एकैपटक डेलिभरी गरिएको छ । यस्तै रोयल इन्फिल्डले पनि बिक्री बढाइरहेको छ । डेढ वर्षमा १० हजार युनिट बिक्री गरेको रोयल इन्फिल्डको बिक्रेताले बताएको छ ।

भट्टराईका अनुसार दुई पाङ्गे सवारीमा स्कुटरको माग बढ्दो छ । ‘अहिले ग्राहकहरुको डिमान्ड ५५ प्रतिशत बाइक र ४५ प्रतिशत स्कुटरमा छ । पहिले बाइकको डिमान्ड ७० र स्कुटरको ३० प्रतिशत थियो,’ उनले भने ।

## इन्धन गाडीको बजार ओरालो

बाइक र स्कुटरको बजार रिभाइभ उन्मुख हुँदा इन्धन गाडीको भने बिक्री बढ्न सकेको छैन । बरु पोहोरको तुलनामा बजार केही खुम्चिएको छ ।

चालु आवको तीन महिनामा चार पाङ्गे इन्धन सवारीसाधन ३ अर्ब ३८ करोड रुपैयाँ बराबरका २ हजार १८२ युनिट आयात भएका छन् । यसबाट सरकारले ६ अर्ब ७२ करोड ४२ लाख रुपैयाँ राजस्व उठाएको छ ।

गत वर्ष सोही अवधिमा २ अर्ब ९२ करोड २४ लाख रुपैयाँ बराबरका २ हजार २९९ युनिट चारपाङ्गे इन्धन सवारीसाधन आयात भएका थिए । यसबाट ६ अर्ब २८ करोड रुपैयाँ राजस्व संकलन भएको थियो ।

विद्युतीय सवारीसाधनले बजार लिएका कारण पनि इन्धन गाडीको बजार खस्किन पुगेको हो । गत भदौ दोस्रो साता भएको नाडा अटो शोमा नै चारपाङ्गे इन्धन सवारीसाधनको हिस्सा निकै कम थियो ।

नाडा अटो शोमा इन्धन सवारीतर्फत हुन्डाई, सुजुकी र महिन्द्राका मात्रै स्टल राखिएका थिए । हुन्डाई, फोर्ड, निसान जस्ता पेट्रोल गाडी बिक्री गर्ने कम्पनीहरुले समेत अहिले नयाँ ब्रान्डका इभी बेच्ने गरेका छन्




दीपावली गर्दा सतर्क रहौं

दीपावलीको समयमा:
- मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

त्यसबाट बच्न:
- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत सट भई आगलागी हुन सक्छ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तिको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनसील बस्तुको प्रयोग नगरौं,

आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार